# अध्याय–एक

# परिचय

## १.१.अध्ययनको पृष्ठभूमी

महिला र पुरुष बीचमा रहने विभेदमूलक व्यवहारले राष्ट्रमा समानता, विकास र शान्तिको लक्ष्य प्राप्तिमा बाधा सृजना गर्दछ । महिला विरुद्ध हुने विभेदले आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक लगायत अन्य क्षेत्रमा नराम्रो असर गर्दछ। यसले महिलाको स्वपहिचान र स्वतन्त्रतालाई कमजोर पार्दछ (माजपुरीया, २००७) ।

शिक्षामा रहेको न्यून पहुँचले पनि महिलाहरूलाई आफ्नो वृत्ति विकासका लागि उपाय खोज्न असक्षम बनाएको छ । यसले आफ्नो लागि निर्णय गर्न सक्ने र के सही के गलत छुट्याउन सक्ने क्षमतालाई कमजोर बनाएको छ । नेपालको कुल जनसंख्या २६४९४५०४ मध्ये १३६४५४६३ (५१.५०%) महिला रहेकामा जम्मा ५७.४% महिला मात्र साक्षर छन् (राष्ट्रिय जनगणना,२०६८) । शिक्षाबाट वञ्चित रहनुले महिलाहरूलाई आर्थिक स्वतन्त्रता प्राप्तिका लागि अवसरबाट वञ्चित गरेको छ । उनीहरूको घरायसी निर्णय निर्माण प्रक्रियामा अत्यन्त न्यून भूमिका र घरायसी आर्थिक स्रोत साधनमा अत्यन्त न्यून पहुँच रहेको छ (आचार्य तथा बेनेट,१९८१) । यस्तो अवस्थाले महिला र पुरुषबीचमा भिन्न लैङ्गिक भूमिका तथा हैसियत सृजना गरको छ । पुरुषलाई परिवारको मुख्य सञ्चालक र महिलालाई पुरुषमा निर्भर रहने दोस्रो दर्जाको सदस्यका रुपमा परिवारमा भूमिका प्रदान गरेको छ ।

बहुजाति, बहुभाषा, बहुधर्म र बहुसँस्कृति नेपाली समाजको मुख्य विशेषता हो । राष्ट्रिय जनगणना, २०११ अनुसार नेपालमा १२५ जातजातिका मानिसहरू बसोबास गर्छन् । यी मध्ये कूल जनसंख्याको ५.८(१५३९८३०) प्रतिशत तामाङ्ग जातिको पाँचौ स्थानमा रहेको छ । कूल जनसंख्याको ५.१% ले मातृभाषाको रुपमा तामाङ भाषा बोल्ने गरेको तथ्याङ्कले देखाएको छ (राष्ट्रिय जनगणना,२०६८) ।

तामाङ्गहरू नेपालका प्राचीन र मुख्य आदिवासी जनजाती समूह हुन् । मुख्यतः मध्यमाञ्चल विकास क्षेत्रका धादिङ्ग, नुवाकोट, काभ्रेपलाञ्चोक, मकवानपुर, सिन्धुपाल्चोक, रसुवा, सिन्धुली, दोलखा र रामेछाप जिल्लामा तामाङहरूको बाहुल्यता रहेको छ (शेर्पा र होइभिक, २००२) । तामाङहरू देशका अन्य भागमा पनि छरिएर रहेका छन् । तामाङहरू नेपालका अन्य जनजातीय समूह भन्दा फरक छन् । उनीहरूको पूर्खा भोटबर्मेली मूलका हुन् । मूलतः तामाङहरू बुद्धधर्मावलम्बी हुन् (मार्च के एस, २००२) । ठूलो संख्यामा हुँदाहुदै पनि तामाङहरू उच्च शोषित सीमान्तकृत अवस्थामा छन् । कमजोर आर्थिक अवस्था यसको मुख्य कारण हो । अधिकांश तामाङहरू कृषि, व्यापार र पशुपालनमा संलग्न छन् (शेर्पा र होइभिक,२००२) ।

ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएका अन्य समुदायका महिला जस्तै अधिकांश तामाङ महिलाहरू खाना पकाउने, बालबच्चाको हेरविचार गर्ने, भाँडाकुँडा सफा गर्ने, पानी ल्याउने जस्ता घरायसी क्रियाकलापमा संलग्न छन् । अन्य जस्तै तामाङ महिला पनि लैङ्गिक विभेदबाट ग्रसित छन् । बहुसंख्यक तामाङ महिलाहरू अशिक्षित छन् । उनीहरूको स्वामीत्वमा कुनै सम्पत्ति छैन । उनीहरू श्रीमान्को आज्ञापालकका रुपमा रहेका छन् । सबैभन्दा ठूलो समस्या परिवारमा विद्यमान यस्ता विभेदका सम्बन्धमा उनीहरू अनभिज्ञ छन् ।अर्थात् विभेदलाई उनीहरूले आफ्नो नियतिका रुपमा लिएका छन् । यद्यपि आधुनिक तामाङ परिवारमा कुनै कुनै पक्षमा भने महिलाहरूकेही बढी स्वतन्त्र छन् । उनीहरूमा केटीहरूको प्रेमसम्बन्ध र विवाहपूर्वको गर्भधारण र जन्मलाई गलत मानिदैन (फ्रिक,१९८६) ।

घरभित्र र घरबाहिरका दुवै काममा उत्तिकै सक्रिय भए पनि महिलाहरूलाई पुरुषभन्दा न्यून हैसियतमा राखिन्छ । अन्य जनजातीय समुदायमा जस्तै तामाङहरूमा पनि महिलाहरू पुरुषभन्दा कमजोर हुन्छन् भन्ने अन्धविश्वास छ । लैङ्गिक श्रमविभाजनले उनीहरूको हैसियत सीमित गरेको छ । उनीहरूको कामलाई आर्थिक मान्यता दिइदैन । सबै परिवारमा निर्णय प्रक्रियामा महिलाको सहभागिताको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जीवननिर्वाहको लागि परिवारमा उनीहरूको आर्थिक योगदान महत्वपूर्ण छ । परिवारमा पुरुष एक्लैको कमाइ जीवननिर्वाहका लागि पर्याप्त छैन । उनीहरूको घरायसी कार्य पुरुषहरूको आर्थिक कार्य भन्दा कम महत्वपूर्ण छैन (अर्याल, २००४) ।

नेपाली समाजमा पुरुषको तुलनामा महिलाको जीवन बढी कष्टप्रद देखिन्छ । समाजमा महिलाको हैसियत पुरुषको भन्दा न्यून छ । महिलाहरू पुरुषभन्दा बढी समय काम गर्छन् । उनीहरूको कार्यबोझ उमेरसँगै बढ्दै जान्छ । एउटी छोरी ठूली भए पछि घरमा आफूभन्दा साना भाइबहिनी हेर्ने, विस्तारै घरको अन्य काम, खेतीपाती र विवाहपछि श्रीमान्, सासूससुरा र अन्य सदस्यको हेरचाह, घरको जिम्मेवारी, छोराछोरीको हेरचाह क्रमशः एवं रीतले कार्यबोझ थपिदै जान्छ । अझ कामकाजी महिलाको लागि त यी सबै काम सकेर काममा उपस्थित हुनपर्ने गरी कामको अतिरिक्त बोझ पर्न जान्छ । सम्पूर्ण समय घरायसी काममा खटिए पनि महिलाहरूको कामलाई अनुत्पादक ठानिन्छ । परिवारमा आवश्यक सामानको पहिचान तथा खरिदबिक्री लगायतका हरेक सानाठूला कुरामा पुरुष अन्तिम निर्णायक बनेर अगाडि आउँछ । यिनै पृष्ठभूमिमा रहेर तामाङ समुदायमा विद्यमान सामाजिक लिङ्ग निर्माणको प्रक्रिया कस्तो छ ? विवाहित तामाङ महिलाहरू घरायसी निर्णय प्रक्रियामा कस्तो हैसियत राख्छन ? लगायतका विविध पक्षहरूको विश्लेषणात्मक अध्ययन गर्ने प्रयास यस अध्ययन कार्यमा गरिएको छ ।

## १.२. समस्याको कथन

नेपालको सन्दर्भमा मूलतः दुईवटा तत्वले महिलाको जीवनलाई निर्धारित गरेको देखिन्छ । पहिलो उनीहरू रहेको जातजातीय समूहको सामाजिक साँस्कृतिक परम्परा र दोस्रो उनीहरूको आर्थिक अवस्था । पितृसत्तात्मक नेपाली समाजले ऐतिहासिक रुपमा नै महिलालाई घरायसी क्षेत्रमा मात्र सीमित गर्नुपर्ने प्रावधान खडा गरेको छ । यो मान्यताले महिलाहरूलाई सामाजिक, आर्थिक र राजनीतिक वृत्तिविकासको अवसरबाट वञ्चित गरको छ । खाना पकाउने, सरसफाइ गर्ने, घाँसदाउरा गर्ने, वस्तुभाउको हेरविचार गर्ने, बालबच्चा हुर्काउने, वृद्धको स्याहारसम्भार गर्ने, खेतीपाती गर्ने जस्ता घरायसी क्रियाकलापमा सम्पूर्ण रुपमा महिला जिम्मेवार छन् । विद्यमान सामाजिक संरचनाले घरायसी र सामुदायिक निर्णय प्रक्रियामा महिलालाई थोरै मात्र अधिकार प्रदान गरेको छ (थोमस र श्रेष्ठ, १९९८) ।

अन्य नेपाली महिला जस्तै तामाङ महिलाहरू पनि लैङ्गिक असमानता र विभेदबाट ग्रसित छन् । उनीहरूलाई पनि पुरुषको सहायकका रुपमा हेरिन्छ । धेरैजसो तामाङ महिलाहरू समाजमा स्वतन्त्र जीवनयापन गर्न सक्ने गरी शिक्षित र सम्पन्न छैनन् । सामाजिक आर्थिक रुपमा पछि पारिएका छन् । पछिल्लो समयमा केही तामाङ महिलाहरू व्यापार व्यवसाय तथा

रोजगारमा संलग्न हुन थालेका छन् र उनीहरूको सामाजिक हैसियतमा क्रमशः सुधार आउँदै गइरहेको पनि छ । यद्यपि ग्रामीण परिवेशमा रहँदै आइरहेको तामाङ महिलाहरूको अवस्थामा उल्लेखनीय सुधार हुन सकेको छैन ।

स्वरोजगार भए पनि घरको सम्पूर्ण जिम्मेवारी पनि महिलाकै काँधमा छ । बालबच्चा र परिवारका अन्य सदस्यको हेरचाह महिलाकै जिम्मेवारी ठानिन्छ । तर परिवारमा जब कुनै पनि निर्णय गर्नु पर्ने अवस्था आउँछ त्यसमा पुरुषको संलग्नता अनिवार्य ठानिन्छ । प्रस्तावित अध्ययनमा अध्ययन क्षेत्रका महिलाको वास्तविक वस्तुस्थिति कस्तो छ सो को पहिचान गरिएको छ ।

यस अध्ययन कार्यमा घरायसी निर्णय प्रक्रियाका प्रमुख पक्षहरू - विवाह, शिक्षा, पेसा, अर्थिक प्रक्रिया लगायतका घरपरिवार तहमा सम्पन्न गरिने अन्य घरायसी क्रियाकलापमा महिलाको सहभागिता र निर्णय प्रक्रियाको अध्ययन गरिएको छ । यस अध्ययनमा निम्न अनुसन्धान प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरिएको छ :

- तामाङ महिलाहरूको सामाजिक आर्थिक विशेषताहरू के के छन् ?
- तामाङ समुदायमा के कस्ता लैङ्गिक विशिष्ट भूमिका तथा व्यवहारहरू प्रचलित छन् ?
- घरायसी निर्णय निर्माण प्रक्रियामा विवाहित तामाङ महिलाहरूको सहभागिता कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्य

तामाङ विवाहित महिलाहरूको घरायसी निर्णय प्रक्रियामा सहभागिता बारे खोजमुलक अध्ययन गर्ने यस अध्यनको सामान्य उदेश्य रहेको छ ।

### विशिष्ट उदेश्य

क) अध्ययन क्षेत्रमा बसोबास गर्दै आइरहेका विवाहित तामाङ महिलाहरूले सामाजिक र आर्थिक पृष्ठभूमिको पहिचान गर्नु ।

ख) विवाहित तामाङ महिलाको घरायसी निर्णय प्रक्रिया सम्बन्धि सहभागिता तथा पहुँच बारे अध्ययन गर्ने ।

## १.४. अध्ययनको महत्व

यस अध्ययन घरायसी तहमा सम्पन्न हुने विभिन्न क्रियाकलापमा निर्णय गर्ने सम्बन्धमा महिलाको सहभागितालाई मुख्य रुपमा केन्द्रित रहने छ । त्यसैले घरपरिवारभित्र तामाङ महिलाको वास्तविक अवस्था उजागर गर्न यो अध्ययन कार्य अन्यन्त महत्वपूर्ण हुनेछ । सानो क्षेत्रलाई लिएर अध्ययन गरिने भएता पनि यस अध्ययनले ग्रामीण क्षेत्रका विवाहित तामाङ महिलाहरूको प्रतिनिधित्व गर्छ । यसकारण तामाङ महिलाका साथै अन्य नेपाली महिलाका पनि घरायसी निर्णय प्रक्रियामा संलग्नताको बारेमा अध्ययन गर्न चाहने अध्ययन अनुसन्धानकर्ताहरूको लागि यो अध्ययन सहयोगी हुनेछ । यस अध्ययनमा सामाजिक, आर्थिक, जनसांख्यिक लगायतका घरायसी निर्णय निर्माणका क्षेत्रहरूमा महिलाको निर्णय क्षमताको विस्तृत अध्ययन गरिएको छ । विभिन्न सामाजिक क्षेत्रमा कार्यरत सरकारी/गैरसरकारी संगठनका लागि समस्याको पहिचान तथा समाधानका लागि पनि यस अध्ययनले सहयोग पुऱ्याउनेछ । तामाङ समुदायका मानिसहरूको बाहुल्यता रहेको र यस अध्ययन क्षेत्रमा पुग्न तथा तथ्याङ्क संकलन गर्नका लागि शोधकर्ताका लागि सहज हुने भएकाले प्रस्तावित अध्ययन महत्वपूर्ण छ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन शैक्षिक प्रयोजनका लागि गरिएको अध्ययन भएकाले तोकिएको निश्चित समयमा सम्पन्न गरिसक्नुपर्ने समयको सीमा रहेको छ । त्यस्तै यो अध्ययन कार्य कुनै संघसंस्थामा आबद्ध भएर वा कसैको अनुदानबाट गरिने नभई व्यक्तिगत तहमा सञ्चालन गरिएकोले बजेटको सीमा रहेको छ । यसले अध्यन क्षेत्रको १ नं वडालाई मात्र समेटिने गरी अध्ययन क्षेत्र तय गरिएको हुँदा अध्ययनबाट प्राप्त निष्कर्ष सर्वव्यापी हुने छैन । प्रत्यक्ष रुपमा महिला र महिलाको विषयमा केन्द्रित भई अध्ययन गरिएको हुँदा महिलाका विषयमा केन्द्रित साहित्यलाई मात्र समीक्षाको मुख्य आधार बनाइएको छ भने यस अध्ययनमा विवाहित तामाङ महिला मात्र उत्तरदाताका रुपमा सहभागी छन् ।

## १.६ अध्यनको सङ्गठन

यो अध्ययन पाच अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय शीर्षकअन्तर्गत अध्ययनको पृष्ठभूमी, समस्या कथन, अनुसन्धान प्रश्न, उद्देश्य, महत्व, सीमा लगायतका

शीर्षकमा विषयवस्तु समावेश गरिएको छ । अध्ययनको विषयलाई विभिन्न व्याख्या तथा जानकारीबाट परिचित गराउने प्रयास यस अध्यायमा गरिएको छ । घरायसी निर्णय प्रक्रियामा महिलाको सहभागिताका सम्बन्धमा संक्षिप्त पृष्ठभूमी सहित विषयलाई समस्यागत कसरी छ भन्ने विवरण समेटिएको छ ।

अध्याय दुईमा सन्दर्भ साहित्यको अध्ययन शीर्षकअन्तर्गत सैद्धान्तिक, नीतिगत तथा विगतमा गरिएका अध्ययनहरूको समीक्षा प्रस्तुत गरिएको छ । अध्ययनको विषय महिलासँग सम्बन्धित भएकाले लैङ्गिक उमागमको सैद्धान्तिक समीक्षा गरिएको छ । नीतिगत समीक्षाअन्तर्गत नेपाली महिलाका लागि गरिएका विभिन्न नीतिगत तथा कानुनी व्यवस्थासँग सम्बन्धित समीक्षात्मक विवरण समावेश गरिएको छ । त्यस्तै विगतमा गरिएका अध्ययनहरूको समीक्षाअन्तर्गत तामाङ महिलाका सामाजिक अवस्थाका सम्बन्धमा विगतमा गरिएका अध्ययन तथा घरायसी निर्णय प्रक्रियामा महिलाको सहभागितालाई विषय बनाएर गरिएका अध्ययनहरूको समीक्षात्मक विश्लेषण गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्धती शीर्षकअन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, समग्र र नमुना छनौट, तथ्याङ्कको प्रकृति तथा स्रोत, तथ्याङ्क संकलनका साधन तथा प्रविधि, तथ्याङ्कको विश्वसनीयता र वैधानिकता, तथ्याङ्क विश्लेषण, प्रस्तुतीकरण तथा व्याख्या समावेश गरिएको छ । तामाङहरूको बाहुल्यता रहेको र अध्ययनकर्ता आफू अध्ययन क्षेत्रसँग सुपरीचित हुनुले अध्ययनलाई औचित्यपूर्ण रहेको पुष्टि गरिएको छ । यस अध्ययनमा वर्णनात्मक तथा व्याख्यात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनका लागि गुणात्मक तथा संख्यात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ । तथ्याङ्क संकलनका लागि अन्तर्वार्ता कार्यतालिका, मुख्य सूचनादातासँगको अन्तर्वार्ता र समुह छलफललाई प्रविधिका रुपमा प्रयोग गरिएको छ ।

अध्याय चारमा तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण शीर्षकमा संकलित तथ्याङ्कहरूलाई क्रमबद्ध रुपमा विभिन्न शीर्षकमा विभाजन गरेर प्रस्तुत गरिएको छ । अन्तवार्ता कार्यतालिका तथा मुख्य सूचनादाताबाट संकलित तथ्याङ्कहरूलाई सम्पादन तथा संकेतन गरेर तालिका तथा वृत्तचित्रमा प्रस्तुत गरिएको छ । तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दै प्राप्त तथ्याङ्कलाई पुष्टि गरिएको छ ।

यस अन्तिम अध्याय पाँचमा अध्ययनको सारांश, मुख्य उपलब्धि तथा निष्कर्ष प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा संकलित सम्पूर्ण तथ्याङ्कहरूको प्रस्तुतीकरण तथा विश्लेषणलाई प्रस्तुत गरिसकेपछि यस अध्ययायमा समग्रअध्ययन कार्यको प्रतिनिधित्व गर्ने गरी सारसंक्षेप प्रस्तुत गरिएको छ

# अध्याय – दुई

# सन्दर्भ साहित्यको अध्ययन

## २.१ लैङ्गिकताको अवधारणा

सामाजिक लिङ्ग भन्नाले कुनै पनि समाजले महिला र पुरुषलाई हेर्ने दृष्टिकोण हो । समाजले आ-आफनो किसिमको सामाजिक निति-नियम, संस्कृति, मूल्य मान्यता , परम्परा, रीतिस्थितीका आधारमा महिला र पुरुषहरूलाई निश्चित भूमिका प्रदान गरेको हुन्छ । Gender and Sex अवधारणाको प्रतिपादन AnneOakely द्धारा गरिएको हो । त्यसपछि सन १९६० को दशकताका रोर्बट स्टोलर ले यि दुवै विषयलाई अलग-अलग रुपमा विश्लेषण गरेका छन् । त्यसपछि नै प्राकृतिक लिङ्ग (Sex) र सामाजिक लिङ्ग (Gender) का बीच फरक अवधारणा देखाउँदै समाजमा महिला र पुरुषको अवस्थालाई लैङ्गिक आधारमा व्याख्या एवं विश्लेषण गर्न थालियो ।

लिङ्ग भनेको प्राकृतिक एवं जैविकिय गुण वा पहिचान हो । यो प्रत्येक व्यक्तिले जन्मबाटै लिएर आएको हुन्छ । यो महिला र पुरुषविच हुने जैविकीय फरकपन हो । जेण्डर स्थान, समय, वर्ग, संस्कृति, जाति आदि अनुसार फरक-फरक हुन्छ । यसरी सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक सन्दर्भमा महिला र पुरुषले पूरा गर्नुपर्ने भूमिका नै जेण्डर हो । जेण्डर अस्थायी र परिवर्तनशील हुन्छ । हिन्दु समाजमा छोरा स्वतन्त्र रुपले घुम्न पाउने, बाबुआमा मर्दा दागबत्ती दिने काम पाउने तर छोरीले स्वतन्त्र रुपमा घुम्न नपाउने, बाबुआमा मर्दा दागबत्ती दिन नपाउने पाइन्छ । प्रत्येक पुरुषभित्र नारीत्व र नारीभित्र पुरुषत्वको गुण हुने गर्छ तर समाजले त्यसलाई प्रस्फुटन हुन दिंदैन (भासिन, २००३ ) ।

जेण्डरले न त महिलालाई बुझाउँछ न त पुरुषलाई नै यसले महिला र पुरुष दुवैको सामाजिक, सांस्कृतिक मनोवैज्ञानिक कामहरूको सम्बन्धलाई व्याख्या एवं विश्लेषण गर्दछ । जेण्डर अवधारणाले बढी महिलाहरूको सवाललाई जोड दिएको जस्तो देखिन्छ । तर यो विषय महिला र पुरुष दुवैको हकमा लागु हुने गर्दछ । हिजोका दिनमा घरायसी कार्यमा मात्र सीमित रहनुपर्ने महिलाहरूको भूमिका परिवर्तन हुँदै आएको छ । महिलाहरू घरभित्र मात्र

सिमित नरही बाहिरी क्षेत्रहरूमा पनि उनीहरूको संलग्नता व्यापक हुँदैछ । त्यसैले सामाजिक रुपमा नारी र पुरुषसंगसंगै जोडीएर आउने विशेषता, भूमिका वा मान्यताहरूलाई नै जेण्डर भनिन्छ ।

## २.२ सैद्धान्तिक समीक्षा

महिला र पुरुष भएको आधारमा उनीहरूबाट समाजले अपेक्षा गरेको भूमिका, व्यवहार र उत्तरदायित्व नै सामाजिक लिङ्ग अर्थात् लैङ्गिकता हो । स्मिथ(१९९४) का अनुसार, " लैङ्गिकता सामाजिक तथा साँस्कृतिक रुपले निर्धारित पुरुष र महिलाको व्यवहार, भूमिका र स्थितिमा हुने भिन्नता हो ।" लैङ्गिकता त्यो सामाजिक साँस्कृतिक गुणहरू हो जुन निश्चित सामाजिक परिवेशमा महिला र पुरुष हुनुसँग सम्बन्धित छ नकि व्यक्तिको जैविक विशेषतासँग । लैङ्गिकता सम्बन्धी सिद्धान्तको व्याख्या गर्दै भाषिन(१९९८) भन्छिन्, "वास्तवमा हरेक व्यक्तिमा स्त्रीत्व र पुरुषत्व दुवै हुन्छ तर धेरै जसो समाजले केटीभित्र लुकेको पुरुषत्व र केटाभित्र लुकेको स्त्रीत्व मौलाउन दिदैन ।" महिला र पुरुषको सामाजिक साँस्कृतिक पहिचान नै लैङ्गिकता हो ।

लैङ्गिकतासम्बन्धी कुरा गर्दा लैङ्गिक सम्बन्ध सँगै जोडिएर आउँछ । महिला र पुरुषबीचको शक्तिसम्बन्ध लैङ्गिक सम्बन्ध हो । यो समाजमा महिला र पुरुषका विभिन्न व्यवहार, विचारधारा, श्रमविभाजन, भूमिका, स्रोतहरूको पहुँच, प्रतिनिधित्व आदिमा झल्कन्छ । लैङ्गिक सम्बन्ध सामाजिक रुपमा निर्मित हुने भएकाले समय र स्थानअनुसार भिन्न हुन सक्छ (भाषिन २०००) ।

अहिले लैङ्गिक सवालले महिला र पुरुषबीचको सम्बन्धको परिवेशलाई नाघेर वातावरण, विकास, महिला हकअधिकार, सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा महिला सहभागिताजस्ता समसामयिक विषयलाई समेट्न पुगेको छ । अतएव वर्तमान परिप्रेक्ष्यमा यस शब्दले आफ्नो समाजको सन्दर्भमा महिला र पुरुषको भूमिका र दायित्व, अपेक्षा, व्यवहार अदि कुरालाई बुझाउँछ। वर्तमान समयमा महिला सशक्तिकरणको सवाल र सो का लागि निर्णय प्रक्रियामा सहभागिता महत्वपूर्ण लैङ्गिक सवाल रहेको छ (काफ्ले,२००१) ।

लैङ्गिक भूमिकाहरू वर्ग, जाति, प्रजाति, जनजाति, धर्म, उमेर र समयसँगै परिवर्तनशील हुन्छन् । यसले श्रमविभाजनमा प्रभाव पार्दछ । समाजमा अस्तित्वमा रहेका शक्तिसम्बन्ध

तथा स्रोतसाधन, मुनाफा, सूचना र निर्णयाधिकारको पहुँचलाई प्रभाव पार्दछ । लैङ्गिक अध्ययन गर्दा लिङ्ग र लैङ्गिकता अलग हुन् भन्ने कहिल्यै बिर्सनुहुँदैन (यूएन्, १९९९) ।

महिलाहरूको हक हितको सम्वर्द्धन गर्दै उनीहरूको अधिकारको रक्षाका लागि विभिन्न समयमा थुप्रै कानुनी तथा नीतिगत व्यवस्थाहरू गरिएका छन् । यसै सन्दर्भमा नेपालको संविधान २०७२ को भाग तीन, मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३८ मा महिलाको हक भनेर छुट्टै मौलिक हकको व्यवस्था गरिएको छ जसमा निम्न अधिकारहरूको संवैधानिक व्यवस्था गरिएको छ :

१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ ।

२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन सम्बन्धी हक हुनेछ ।

३) महिलाविरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारिरीक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै पनि किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ ।

५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ ।

(स्रोतः नेपालको संविधान,२०७२)

विभिन्न अन्तराष्ट्रिय महिला सम्मेलन तथा तिनले तय गरेका निर्णय, विभिन्न अन्तराष्ट्रिय सन्धि सम्झौता आदिलाई कार्यान्वयन गर्ने पूर्ण प्रतिवद्धता बमोजिम नेपाल सरकारले थुप्रै किसिमका महिला उत्थानका प्रयासहरू गर्दै आइरहेको छ भने अन्तरिम कविकास योजनाहरूमा पनि महिलाका सवालहरूलाई उच्च प्राथमिकतामा राख्दै आएको छ ।

महिलालाई अधिकार सम्पन्न बनाई सक्षम बनाउन र निर्णय निर्माण प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्नका लागि यस्ता नीतिगत व्यवस्था पनि महत्वपूर्ण हुने हुँदा

विश्लेषणमा सहयोग पुऱ्याउने अपेक्षाअनुरुप नीतिगत विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ ।

### २.२.१. मार्क्सबादी महिलावाद

मार्क्सबादी महिलावादको उत्पत्ति र बिकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्गेन्स कृति - Origin of the Family, Private property and the state (1884) लाई लिन सकिन्छ । जसमा समाजमा रहेको लैङ्गिक विभेदको कारक तत्वहरूका बारेमा उल्लेख गरिएको छ । यस सिद्धान्तका अनुसार महिलामाथिको दमन, शोषन पितृसत्ता र पूँजीवादी संरचनाबाट भएको मान्यता राख्दछ । उनिहरू लैङ्गिक विभेदलाई कुनै जैविकीय पक्ष नमानी सामाजीक र आर्थिक पक्षलाई मुख्य कारक तत्वका रुपमा व्याख्या र विश्लेषण गर्दछन । महिला स्वतन्त्रताका निम्ति लडाई वा सङ्घर्ष नभई पितृसत्तात्मक प्रणाली र पूँजीवादी पूरुष प्रभुत्व सामाजिक सम्बन्धका विरुद्ध रहनुपर्ने मान्दछ ।

कार्लमाक्सका अनुसार पूँजीवादी समाजमा जसरी पूँजीपतीहरूले स्रोत माथि नियन्त्रण गरे त्यसरी नै महिलाहरू श्रमजिवी र पुरुषमाथि निर्भर रहनूपर्ने देखिन्छ भने अर्कोतिर महिला र पूरुषको सामाजिकीकरणको प्रकृयाले महिला र पूरुषबीच कार्यगत असन्तुलन र असमानताहरू समाजमा स्थापित हुदै गयो । यसकारण महिलाहरूको स्रोत माथि पहुँच घट्ने, शिक्षा रोजगार तथा बाह्य काममा संलग्नताको पहुँच कमजोर नै रह्यो ।

नेपालको सन्दर्भमा नेपाली महिलाहरूलाई आर्थिक, सामाजिक, सास्कृतिक पक्षहरूमा निर्णय गर्ने अधिकार कम छ । त्यस्तैगरी अन्तराष्ट्रिय देशहरूमा हेर्ने हो भने केन्द्र, क्षेत्र, अर्धपृष्ठ क्षेत्र र पृष्ठ क्षेत्रहरूमा स्थरीकरण भएको छ । त्यसमा पनि लैङ्गिक विभेद देख्न सकिन्छ । जस अनुसार पृष्ठ क्षेत्रमा महिलाहरू आर्थिक रुपमा परनिर्भर छन् भन केन्द्र क्षेत्रमा महिलाहरूको पहुँच र अधिकार बढि पाइन्छ । त्यसैगरी नेपाली ग्रामीण समाजका महिलाहरूको पहुँच र अधिकार कम छ भने शहरी क्षेत्रका महिलाहरूमा अलि बढि पाइन्छ । ग्रामीण क्षेत्रका महिलाहरू बच्चा कति जन्माउने, विवाह, शिक्षा र रोजगार जस्ता विषयहरूमा निर्णय गर्ने क्षमतामा विरलै हुन्छ भने शहरी क्षेत्रका महिलाहरूमा तुलनात्मक रुपमा हेर्दा निर्णय गर्ने पहुँच राख्दछ (आचार्य, २०७१) ।

वर्तमान संरचनालाई सुधार गरी लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यतालाई मार्क्सवादिहरू विश्वास गर्दछन् । संरचनामा समान ज्याला, काममा समानता, कार्यको मुल्याङ्कन, व्यावहारीक क्रम विभाजन आदिलाई बढि जोर दिन्छन् । नेपाली समाजमा पनि विभिन्न वर्ग, जाती, समुदाय आदिका महिलाहरूको स्थान, पहुँच, निर्णय गर्ने क्षमतामा विभेद देख्न सकिन्छ । त्यस्तै गरि खस आर्य समुदायका महिलाहरूमा घरयासि देखि आर्थिक पक्षमा निर्णय गर्ने अधिकार कमै पाइन्छ भने आदिवासी जनजाति समुदायका महिलाहरूमा सामाजिक, आर्थिक र घरायसी निर्णय गर्ने प्रकृयामा उनिहरूको पहुँच र अधिकार पाउन सकिन्छ (आचार्य, २०७१) ।

## २.२.२ विश्व परिवेशमा महिला

सन् १९१० मा चीन, ब्राजिल, संयुक्त अधिराज्य बेलायत लगायतका राष्ट्रहरूले महिलालाई सामाजिक राजनैतिक अधिकारहरू पुरुषलाई सरह हुनुपर्ने आवाज उठाएका थिए । सन् १९४९ संयुक्त राष्ट्र संघको साधारण सभाले मानिसको बेचविखन, वेश्यावृत्ति तथा महिलाहरूको शोषण विरुद्धका सिद्धान्तलाई अघि सारेका थिए । त्यस्तै गरी सन् १९५१ मा महिला र पुरुषमा समान ज्याला हुनु पर्दछ भन्ने कुरा उठाएका थिए । संयुक्त राष्ट्र संघले सन् १९७४ मा पहिलो विश्व महिला वर्ष भनी घोषणा गरेको पाइन्छ । सोही वर्षमा संयुक्त राष्ट्रले सन् १९७५ देखि १९८५ को समयलाई महिला समानता र विकास शान्तिका लागि महिला दशम घोषणा गरियो । सन् १७७९ मा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि संयुक्त राष्ट्र संघ साधारण सभाले पारित गऱ्यो ।

सन् १९८० मा कोपनहेगनमा भएको दास्रो विश्व महिला सम्मेलनले संयुक्त राष्ट्र संघद्धारा संघीय दशकको उत्तरार्द्धका लागि कार्यान्वयन कार्यको पुनविचार गरी स्वीकार गऱ्यो । सन् १९८५ मा तेस्रो विश्व महिला सम्मेलनमा महिला दशकमा प्राप्त गरेको सफलताको समीक्षा गरेर महिलाहरूको विकासको लागि अग्रदर्शी रणनीतिहरू स्वीकृत ग-यो । १९८६ मा विश्वमा प्रथम पटक विकासमा महिलाको भूमिका सम्बन्धी सर्वेक्षण प्रकाशित भयो । सन् १९९१ मा महिलाहरूको गति र तथ्याङ्क संग्रह निस्क्यो सन् १९९२ मा ब्राजिलमा वातावरण र विकासको निम्ति भएको विश्व सम्मेलनले दीर्घकालीन विकासका लागि महिला भूमिकालाई स्वीकार ग-यो । सन् १९९३ मा संयुक्त राष्ट्र संघ साधारण सभाले महिला विरुद्ध हुने हिंसा उन्मूलन गर्ने सिद्धान्त अपनाउँदै यसै वर्ष भियनामा भएको विश्व मानव

अधिकारको सम्मेलनले "महिलाको अधिकार" मुद्दालाई मानव अधिकार भएको स्वीकार गरेको थियो । त्यस्तै सन् १९९४ को जनसंख्या र विकार सम्बन्धी कायरोमा भएको सम्मेलनमा महिला सशक्तीकरण विकासको एकीकृत हिस्सा हो भन्ने कुरामा सहमती भएको थियो । सन् १९५० पछीको समयमा विकास भएको समाजको समग्र परिवर्तन र रुपान्तरका साथै लैङ्गिक भूमिका खोज गर्ने सम्बन्धमा यस्ता सिद्धान्तहरू विकास भएको हो (आचार्य, २०७१) ।

सन् १९९५ को बेइजिङमा भएको विश्व महिला सम्मेलनमा महिलाका साझा समस्याहरु पहिचानको आधारमा समाजमा महिला र परुष दुवैको संलग्नता र सहयोगमा सबैखाले समस्या समाधान गर्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको प्रयत्नलाई संगसंगै लैजानु पर्ने प्रतिबद्धता र महिला समस्यालाई समाधान गर्न तिनलाई सशक्तिकरण गर्न सबै राष्ट्र, संस्थाहरुको प्रतिवद्धता उल्लेख गरेको छ । साथै महिलासंग सम्बन्धित १२ मुख्य मुद्दाहरू महिला र गरिबी, महिलाको निम्ति शिक्षा र तालिम, महिला विरुद्ध हिंसा, महिला र स्वास्थ्य, महिला विरुद्ध सशस्त्र प्रयोग नगर्ने प्रतिवद्धता, महिला र आर्थिक अवस्था, महिला शक्ति र निर्णयकर्ता, महिलाको उन्नतीमा संस्थागत प्रवन्ध, महिला र मानवधिकार, महिला र संचार माध्यम, महिला र वातावरण, बालिका गरी उल्लेखित चासोका विषयहरूमा केन्द्रित रणनीति, लक्ष्य र कार्यक्रमहरू निर्धारण गरिएको थियो । त्यसमा भाग लिने र हस्ताक्षर गर्ने राष्ट्रहरूमा नेपाल पनि एक हो (आचार्य, २०७१) ।

### २.२.३ नेपालको परिवेशमा महिला

नेपालको सामाजिक अवस्थामा समाज र परिवारमा महिलाको स्थान र नीति निर्णय निर्माणको सामाजिक प्रकृयामा महिलाको सहभागिता कस्तो छ भन्ने हुन्छ । नेपालमा जातिगत विविधताको कारणले हिन्दु परिवारमा र गैर हिन्दु परिवारमा महिलाको हैसियत, शक्ति र अधिकार एवं निर्णय गर्ने प्रकृयामा उनीहरूको सहभागिता फरक -फरक रहेको पाइन्छ । आर्य तथा हिन्दु समाज पितृसत्तात्मक सामाजिक संरचना पाइन्छ, जहाँको समाज पुरुष प्रधान हुन्छ । मंगोलियन समुदायमा हिन्दु समाजको तुलनामा नारीहरूको सामाजिक आर्थिक स्थिति मजबुत देखिन्छ । उनीहरूमा मातृ सत्तात्मक सामाजिक संरचनाको पनि विकास भएको पाइन्छ । हिन्दु समुदाय भित्र नीति निर्णय लिने प्रकृयामा महिलाको सहभागिता अति न्यून रहेको छ ।

कानुन न्याय तथा संसदिय मामिला मन्त्रालयले लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केहि नेपाल ऐनलाई संसोधन गर्न नेपालको अन्तरीम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिमा संसदको हैसियतमा संविधान सभाले ऐन बनाएको छ । (कानुन न्याय तथा संसदिय मामिला मन्त्रालय, २०७२) । उक्त ऐन पारित भइसकेपछि मुलुकी ऐनमा अदालती बन्दोबस्तको महल गरिब कङ्गालको महल, लोग्ने स्वास्नी महल, अंशवण्डाको महल, स्त्री अंशधनको महलको २ नं. धर्मपुत्रको महल, अपुतालीको महल, लेनदेन व्यवहारको महल, रजिष्ट्रेशनको महल, ज्यान सम्बन्धी महल, आशय करनीको महल, जबरजस्ती करनीको महल, विवाहबारीको महल, अदलको महल, नेपाल कानुन व्याख्या सम्बन्धी ऐन २०१०, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४, कर्मचारी संचयकोष ऐन २०१९, भूमि सम्बन्धी ऐन २०२१, विवाह दर्ता ऐन २०२८, जन्म, मृत्यु तथा व्यक्तिगत घटना दर्ता ऐन २०३३, विमा ऐन २०४९, सुविधा सम्बन्धी ऐन २०५२, संसदका महासचिव प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक सेवाको शर्त र सुविधा सम्बन्धी ऐन २०५५, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ र संसद सचिवालय सम्बन्धी ऐन २०५८ मा संशोधन गरी महिला र पुरुषको विचको भेदभावजन्य कानुनको अन्त्य गरी लैङ्गिक समानता कायम गरेको देखिन्छ ।

जनसंङ्ख्याको अनुपातमा नेपालमा पुरुषको तुलनामा महिलाहरू नै बढी रहेका छन् । पुरुष र महिलाको अनुपातमा हेर्दा ५०.१ प्रतिशत महिला रहेको देखिन्छ । यसको अर्थमा नेपालमा कुल जनसंख्या २०११ को तथ्याङ्क अनुसार २६,४९४,५०४ छ जस्मा पुरुष जनसंङ्ख्या १२,८४९,०४१ छ भने महिला जनसंङ्ख्या १३,६४५,४६३ छ । जसमा ७५.१ प्रतिशत पुरुष साक्षरता दर छ भने महिलाहरूको ५७.४ प्रतिशत रहेको छ । वर्तमान विश्वमा विकास भनेको नै मानिसको विकास हो । यदि पुरुषको मात्र विकास हुन्छ भने त्यो देशमा आधा र अधुरो विकास मात्र हुन्छ । त्यसकारण महिला र पुरुषलाई समान रुपले विकास गर्नु नै आजको अवस्थामा विकासको महत्वपूर्ण पक्ष हो (जनगणना, २०११) ।

### २.२.४ राजनीतिमा महिला

स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म हेर्दा राजनीतिमा महिला सहभागिता ज्यादै न्यून देखिन्छ । आधाभन्दा बढी जनसंङ्ख्या आगटेका नेपाली महिलाहरू राजनैतिक शक्ति र निर्णायक तहमा पुग्नेको संख्या निकै कमी छ । नेपाल अधिराज्यको संविधान २०४७ ले महिला र पुरुषलाई

समान रुपमा मतदान गर्ने पूर्ण अधिकार प्रदान गरेको छ र प्रतिनिधि सभाको निर्वाचनमा हरेक राजनैतिक दलहरूले कम्तीमा ५ प्रतिशत महिलालाई उम्मेदवार बनाउनुपर्ने प्रावधान राखेपछि २०४८ को आम निर्वाचनमा ८ जना महिला जनप्रतिनिधि निर्वाचित भएका थिए भने मध्यावधि निर्वाचन २०५१ को आम निर्वाचनमा १२ जना संसद सदस्य निर्वाचित भएका थिए (५.८५ प्रतिशत) राष्ट्रिय सभामा ६० जना मध्ये ९ जना (१५ प्रतिशत) सांसद थिए । नेपालको लोकतान्त्रिक आन्दोलन २०६२/६३ पश्चात निर्मित अन्तरिम संविधान २०६३ ले प्रस्तावनामा वर्गीय जातीय क्षेत्रीय र लैङ्गिक समस्या समाधान गर्न राज्यले अग्रगामी भूमिका खेल्ने उल्लेख गरे अनुरुप संविधानले ३३% महिला सांसद हुने विशेष व्यवस्था गरे अनुरुप हालको संविधान सभामा १९७ जना (निर्वाचित र समानुपातिक) आधारमा महिला सांसदहरूले प्रतिनिधित्व गरेका छन् (कान्तिपुर, २०७३) ।

त्यसै गरी २०७२ सालको संविधानले पनि २०६२/६३ कै संविधानले दिएको हक, अधिकारहरू नै प्रदान गरेको छ । ०५९ सालमा स्थानीय निकाय जनप्रतिनिधिविहीन भएको १५ वर्षपछि निर्वाचनको तयारी थालिएको छ । संविधानले स्थानीय तहलाई समावेशी बनाउन महिला, दलित र अल्पसंख्यक प्रतिनिधिको अनिवार्य व्यवस्था गरेको छ । प्रत्येक वडाबाट छानिने ४ सदस्यमा कम्तीमा र महिलाको प्रतिनिधित्व संविधानले सुनिश्चित गरेको छ । स्थानीय तहको निर्वाचन सम्बन्धी व्यवस्था गर्न बनेको ऐनले २ महिला वडा सदस्य १ जना दलित हुनुपर्ने भनेको छ । २ महिला सदस्य हुनैपर्ने प्रावधानले स्थानीय तहमा महिलाको प्रतिनिधित्व कम्तीमा १३ हजार ३ सय ६० सुनिश्चित भएको छ (कान्तिपुर, २०७३) ।

## २.३. पूर्व अध्ययनको समीक्षा

नेपाली समाजमा हेर्दा महिलाहरुको स्थान पूरुषको दाजोमा न्युन रहेको पाइन्छ । यस सम्बन्धमा बिभिन्न अध्यन अनुसन्धानहरु पनि गरिएको पाइन्छ । अध्यनको विषय अनुसार विगतमा गरिएका अध्यनहरुको समिक्षा निम्नअनुसार गरिएको छ :

### तामाङ्ग महिलाको सामाजिक अवस्था

आदिकालमा मातृसत्तात्मक र खुला समानतामूलक सामाजिक संरचना भएको तामाङ्ग जाति संस्कृतिका दृष्टिले धेरै धनी जाती हो । सयौं थर, दर्जनौ गोत्र, कुल र स्वागेभाई समूहमा

विभाजित तामाङ्गहरू खुला सामाजिक व्यवस्थाका पक्षपाती हुन् । केही साहित्यमा तामाङ्गका बाह्र र अठाह्र जात हुन्छन् भन्ने लेखिएको पाइन्छ तर यस्तो जाति विभाजन तामाङ्ग जातिमा पाइदैन (तामाङ्ग,२०५१) । यसरी उनले तामाङ्ग जातिलाई खुला, मातृसत्तात्मक र जातिविहिन समूहका रुपमा परिभाषित गरेबाट तामाङ्ग समुदायका महिलाहरू स्वतन्त्र र उच्च अधिकार सम्पन्न छन् भन्ने बुझिन्छ । तर अन्य विभिन्न जातीय संस्कृतिको प्रभावले तामाङ्गहरूको मौलिकतालाई ओझेलमा पारेको वर्तमान सन्दर्भमा तामाङ्ग समुदायका महिलाहरूको हैसियत कमजोर भएको हुन सक्छ , यस पक्षलाई अध्ययनमा समावेश गरिएको छ ।

अटनर(१९७८) भन्छन्, "कुनै निश्चित समाजमा लैङ्गिक समानता वा असमानताको तह निर्धारण गर्नु अन्यन्त कठिन छ ।" अटनरले भनेजस्तै विविध किसिमका दमन र विभेदको सिकार हुँदै आइरहेका तामाङ महिलाको सामाजिक अवस्था बुझ्नु अत्यन्त कठिन छ । तामाङ्ग समुदायमा विद्यमान लैङ्गिक समानता/असमानताका सम्बन्धमा विभिन्न किसिमबाट अध्ययनहरू भएका पाइन्छन् । डेभिड होमवर्ग, थोमस इ. फ्रिक, क्याथरिन एस. मार्च लगायतका विद्वानहरूले तामाङ्ग जातिलाई केन्द्रित गरेर गरेका अध्ययनहरूमा तुलनात्मक रुपमा अन्य समुदायमा भन्दा तामाङ्ग समुदायका महिलाहरूको सामाजिक हैसियत राम्रो भएको निष्कर्ष प्रस्तुत गरेका छन् । उत्तरपूर्वी नेपालको तिम्लिङमा बसोबास गर्दै आएका तामाङ्ग समुदायको अध्ययन गरेका उनले त्यहाँका तामाङ्ग समुदायको जीवनचक्र, जन्म, विवाह, आर्थिक प्रणाली, संस्कार, घरायसी अर्थतन्त्र, उत्पादन प्रक्रिया आदिको चर्चा गर्दै तामाङ्ग समुदाय समतामूलक समाज भएको उल्लेख गरेका छन् । तामाङ्ग समाजमा लैङ्गिक समानता रहेको लेखकको दाबी छ (फ्रिक, १९८६) ।

होमवर्ग (१९८९), ले तामाङ्ग संस्कार र संस्कृतिको विविध पक्षहरूको व्याख्या गरेका छन् । तामाङ्ग समुदायमा लाम्बू, बाम्बो र लामा संस्कृति र संस्कार प्रचलनमा रहेको र यसमा अन्तरविरोध र विरोधाभाष रहेको उल्लेख गरेका छन् । तामाङ्ग समुदायमा हिन्दू र बुद्ध दुवै धर्मको झल्को दिने खालका संस्कारगत व्यवहारहरू प्रचलनमा छन् । यसले समाजमा व्यवस्था सृजना गरेको छ। हिन्दू समाजमा महिलाको सामाजिक हैसियत अन्यन्त कमजोर रहेको भनेर विभिन्न अध्ययनहरूले प्रमाणित गरिसकेको सन्दर्भमा हिन्दू र बुद्ध दुवैको मिश्रित विशेषता रहको तद्धामाङ्ग समुदायमा महिलाको अवस्थाका सम्बन्धमा लेखकले विस्तृत व्याख्या गरका छैनन् जसको खोजी यस अध्ययनमा गरिएको छ ।

शैक्षिक उपलब्धी र निर्णय निर्माण क्षमताका दृष्टिले तामाङ्ग महिलाभन्दा बाहुन क्षेत्री महिलाहरू बढी सशक्त छन् । तर दुवै समुदायमा अधिकांश महत्वपूर्ण निर्णयहरू श्रीमान्ले नै गर्ने गर्छन् । उनी अगाडि लेख्छन्, तामाङ समुदायमा प्रजननसम्बन्धी निर्णयहरू श्रीमतीसँग कुनै सल्लाह नै नगरी श्रीमान् एक्लैले लिने गर्छन् । जमिनमाथिको स्वामीत्वबाट तामाङ्ग महिलाहरू वञ्चित छन् । जमिनहरू पुरुषको स्वामीत्वमा रहेका छन् र यो क्रमशः छोरामा हस्तान्तरित हुँदै जान्छ । गुजारामुखी कृषिप्रणाली तामाङ्गहरूको जिविकोपार्जको मुख्य आधार हो तर जमिनमाथिको पहुँच र स्वामीत्वको महत्व महिलाहरूले बुझ्न सकेको देखिदैन (अर्याल,२००४) ।

जमिनको स्वामीत्वबाट अलग्याइनुले तामाङ्ग महिलाहरूलाई पुरुषमा निर्भर बनाइएको छ । त्यसैले गर्भावस्था र बच्चा जन्माउने समयावधिमा समेत तामाङ्ग महिलाहरूले थुप्रै कठिनाइको सामना गर्नुपरेको अध्ययनले देखाएको छ । गुजाराका लागि उनीहरूले आफ्नो जस्तोसुकै अवस्थामा पनि काम गर्नुपर्छ (मार्च के एस, २००२) ।

तामाङ्ग महिलाका सम्बन्धमा तयार गरिएका उल्लिखित अध्ययनहरूले अन्य हिन्दू महिलाभन्दा तामाङ्ग महिलालाई बढी अधिकार सम्पन्न देखाएको छ । यद्यपि यसलाई नै प्रयाप्त आधार मानेर सबै स्थान र परिवेशमा तामाङ्ग महिलाको सामाजिक हैसियत राम्रो छ भन्नु उपयुक्त हुँदैन । निर्धारित अध्ययन क्षेत्रका महिलाहरूको वास्तविक अवस्था अध्ययनमा यी अध्ययनहरूले एउटा दृष्टिकोण उपलब्ध गराई अध्ययनलाई निश्चित मार्गबाट अघि बढाउन सहयोग गर्ने भएकाले सन्दर्भ साहित्यका रुपमा समावेश गरिएको छ ।

### निर्णय प्रक्रियामा महिलाको भूमिका

घरपरिवारभित्र महिलाको स्थान, हैसियत तथा भूमिका, महिला सशक्तिकरण लगायतका विषयवस्तुमा केन्द्रित भई गरिएका अध्ययनहरू जसले महिलाको घरायसी निर्णयको सवाललाई समेटेका छन् सो अध्ययनहरूको समीक्षा गर्ने जमर्को यहाँ गरिएको छ ।

तिब्बती समुदायहरू जस्तै राई, गुरुङ, शेर्पा, मगरहरूमा अन्य जाती जस्तै ब्राहमण क्षेत्रीको तुलनामा महिलाको स्थान उच्च रहेको पाइन्छ । यी जातिहरूमा महिलाको निर्णय गर्ने अधिकार बढी र स्रोतहरूमा पहुँच बढी हुने भएकाले आफ्नो परिवारको हित र संरक्षणका लागि उद्योग, व्यापार सञ्चालन गर्न सक्दछन् (युनिसेफ,१९९६) ।

दक्षिण एसियाली क्षेत्रका अधिकांश राष्ट्रमा जस्तै नेपालमा पनि आफ्नो स्वास्थ्यसम्बन्धी निर्णय गर्ने सम्बन्धमा महिला पुरुषभन्दा कम शक्तिशाली र कम अधिकारसम्पन्न छन् (एडिबी,२००९) ।

आचार्य र बेनेट (१९८३) ले महिलाको आर्थिक सहभागिता र घरायसी निर्णय निर्माण प्रक्रियामा उनीहरूको योगदानबीचको सम्बन्धका बारेमा नेपालका सात वटा गाउँलाई लिएर अध्ययन गरेका छन् । उक्त अध्ययनमा उनीहरूले ग्रामीण अर्थतन्त्रका चार वटा क्षेत्रलाई लिएर महिलाको भूमिकाको बारेमा अध्ययन गरेका छन् :

१) महिलाका घरभित्रका कार्यहरूसम्मको भूमिका

२) कृषिजन्य उत्पादन प्रक्रिया र कार्यको भूमिका

३) स्थानीय बजारसम्म किनबेच गर्न सक्ने भूमिका

४) ग्रामीण क्षेत्र वा स्थानीय बजार भन्दा टाढा रोजगारीका लागि छोटो अवधिका लागि बसाइ गर्ने वा यस्तै निर्णयमा भूमिका

अध्ययनपश्चात् तिब्बतेली बर्मेली समुदायमा भन्दा बढी घरायसी र गुजारामुखी उत्पादनमा संलग्न हिन्दू समुदायमा घरायसी आर्थिक निर्णयमा महिलाको भूमिका कमजोर रहेको निष्कर्ष निकालिएको छ । यसर्थः यो निष्कर्ष पनि प्रस्तावित अध्ययन क्षेत्रको तामाङ समुदायमा लागू हुन्छ कि हुँदैन हेर्ने प्रयास यस अध्ययन कार्यमा गरिएको छ ।

आचार्य (१९९७) का अनुसार परम्परागत सामाजिक प्रचलन नै महिला पछाडि पर्नुको मुख्य कारण हो । यसले महिलालाई आर्थिक विकासका कार्यमा सहभागी हुनबाट पूर्ण रुपमा अवरोध गरेको छ । जसका कारण महिलाको निर्णय गर्न सक्ने क्षमता कमजोर हुन पुगेको छ । आर्थिक विकासमा महिलाको सहभागिता जति बढी हुन्छ त्यति नै उनीहरूको निर्णय गर्न सक्ने क्षमतामा पनि वृद्धि हुन्छ । अर्कातिर सन्तान उत्पादन तथा हेरचाहसम्बन्धी सम्पूर्ण जिम्मेवारी महिलाको मात्रै हो भन्ने सामाजिक मान्यताले विकास प्रक्रियामा समाजका अन्य सदस्यसरह सहभागी हुनमा कठिनाई खडा गरेको छ । यी विभिन्न कारणले गर्दा समाजमा महिलाको स्थान पुरुषको भन्दा निम्न छ । सिमित सहरी महिलालाई छोडेर ग्रामीण क्षेत्रका महिलाहरू आफ्नो परम्परागत हैसियतबाट माथि उठ्न सकेका छैनन् । यस सन्दर्भमा

ग्रामीण महिलाहरूको निर्णय क्षमताको बाधक के परम्परागत सामाजिक प्रचलन मात्रै हो त ? भन्ने जिज्ञासाको समाधान खोज्ने प्रयास यस साहित्यको अध्ययनपश्चात् गरिएको छ ।

आचार्य र बेनेट, १९८१ ले ग्रामीण महिलामा केन्द्रित भई घरायसी कार्यमा महिलाले कति समय व्यतीत गर्दछन्, उल्लेख गरेका छन् । उनीहरूका अनुसार जोत्ने बाहेकका अन्य सम्पूर्ण किसिमका कृषिजन्य कार्यमा महिलाहरू संलग्न छन् । महिलाहरूले ९ घण्टा र पुरुषले मात्र ५ घण्टा यसमा खर्च गर्छन् । कृषिमा सहभागिताको यो तह पनि जनजातीय समूह र वर्गमा फरक हुन्छ । यस अध्ययनले कृषि कार्यमा तुलनात्मक रुपमा महिलाको सहभागिता बढी भएको र सबै घरेलु काम महिलाले नै गर्ने गरेको निष्कर्ष निकालको छ । यस अध्ययनमा सहरी क्षेत्रमा बस्ने र गैरकृषि क्षेत्रका महिलाको अवस्थाको सम्बन्धमा भने उजागर गर्न सकेको छैन

विभिन्न महिलावादी अध्ययनहरूले निर्णय निर्माण क्षमतासम्बन्धी विषयलाई फरक फरक कोणबाट व्याख्या गरेको पाइन्छ । ब्लड एण्ड वल्फ (१९६६) ले दम्पतीबीचमा कसले निर्णय निर्माणमा बढी प्रभुत्व राख्छ अर्थात् अन्तिम निर्णया कसले गर्छ भन्ने तुलनात्मक अध्ययनमा जोड दिएका छन् । महिलाको अवस्थामा सुधार गरेर जीवनका सम्पूर्ण क्षेत्र र तहमा निर्णय गर्न सक्ने क्षमता वृद्धि गर्नु अत्यन्त महत्वपूर्ण छ । यसमा थुप्रै तत्वहरूले प्रभाव पार्दछन् - १) महिलाको चरित्र २) परिवारको स्वरुप ३) विवाहमा गरिने सामाजिक आर्थिक स्रोतहरूको योगदान ४) लैङ्गिकता र जिम्मेवारीप्रतिको धारणा ५) सशक्तिकरण परियोजनामा महिलाको सहभागिता (यूएन्,१९९५) ।

हाल नेपालमा नीति निर्माणका निर्णायक तहहरू जस्तै राष्ट्रपति, सर्वोच्च अदालतका न्यायधिश र व्यवस्थापिका संसदका सभामुखमा महिलाले आफ्नो कार्यभार तथा जिम्मेवारी संहाल्दै आएका छन् । देशका न्यायपालिका, व्यवस्थापिका जस्ता सर्वोच्च तहमा महिला पुगेका छन् । यो महिला निर्णय गर्ने सन्दर्भमा कति अधिकारसम्पन्न छन् भन्ने उत्कृष्ट उदाहरण हो । निति निर्माण तथा निर्णयको उच्च तहमा महिला पुगेको यो सन्दर्भमा गाउँमा बस्दै आएका तामाङ महिलाहरूको निर्णय सक्षमता कस्तो छ त ? निति निर्माणमा महिलाको सहभागिताले उनीहरूको निर्णय क्षमता वृद्धि भयो त जस्ता प्रश्नहरूलाई अध्ययनका क्रममा ध्यानमा राखिएको छ ।

एउटा बालक पुरुष भएर जन्मने बित्तिकै उसँगै निश्चित खालका अपेक्षाहरू पनि लिएर आएको हुन्छ । ऊ वयस्क हुने बेलासम्म उसलाई निश्चित भूमिका तथा जिम्मेवारीहरूले पर्खिरहेको हुन्छ (प्याकुरेल र ठकुरी, १९९८) । नेपाली समाजमा प्रायशः पुरुषको तुलनामा महिलाको स्थान न्यून भएको मान्यता रहँदै आएको छ । नेपालमा महिला तथा बालबालिकाको अवस्थाका सम्बन्धमा युनिसेफले गरेको एक सर्वेक्षणले लैङ्गिक असमानता जन्मदेखि नै सुरु हुने र जीवनका विभिन्न चरणमा क्रमशः निरन्तरता पाउँदै र अझ गहिरिदै जाने गरेको निष्कर्ष निकालेको छ ।

परम्परागत रुपमा महिलाको कार्यहरू घर सफा गर्ने, खाना पकाउने, बच्चाको साथी र शिक्षक बन्ने, भाडाकुडा माझ्ने, श्रीमान्का लागि यौन साथी, पाहुनाको स्वागत सत्कार गर्ने र श्रीमान् र सासूससुराको आदेश मान्ने जस्ता कुरासँग जोडिएको छ । निर्णय निर्माण समाजमा महिलाको हैसियत मापन गर्ने महत्वपूर्ण सूचक हो । यस सम्बन्धमा भएका विभिन्न अध्ययनहरूले नेपाली समाजमा महिला र पुरुषबीच निर्णय निर्माणको शक्ति समान नरहेको देखाएका छन् (स्त्रीशक्ति,१९९५) ।

परिवार र समाजमा महिलाको भूमिका निम्नस्तरको हुन्छ । उनीहरूलाई आफ्नो अधिकार तथा जिम्मेवारीबाट वञ्चित गरिन्छ । अशिक्षित र आर्थिक रुपमा परनिर्भर महिलाहरूको भन्दा उच्च शैक्षिक योग्यता भएका र रोजगारीमा संलग्न महिलाहरूको निर्णय निर्माण क्षमता उच्च छ । महिलाको निर्णय क्षमता प्रत्यक्ष रुपमा उसको सामाजिक आर्थिक अवस्थासँग सम्बन्धित हुन्छ (थपलिया, २००४)।

गौतम(२०१२) ले तामाङ्ग महिलाको घरायसी निर्णय निर्माण प्रक्रियाको अध्ययन गर्दै तामाङ महिलाहरू श्रीमान्को स्वीकृतिबिना नै दैनिक उपभोग्य सामानको प्रयोग, बचत नियन्त्रण तथा सम्पत्ति र नगदको प्रयोग गर्न सक्षम रहेको निष्कर्ष प्रस्तुत गरेकी छिन् । घरको हेरचाह गर्ने, बालबच्चा हुर्काउने र वित्तीय समर्थनका सम्बन्धमा विवाहित तथा अविवाहित सबै महिलाको अत्यन्त महत्वपूर्ण भूमिका छ । यद्यपि अझै पनि पुरुषको निर्णय प्रक्रिया, विश्वास, प्रवृत्ति र जीवनशैलीबाट तामाङ महिलाहरू उच्च प्रभावित छन् ।

घरायसी निर्णय तहमा महिलाको भूमिका श्रीमान् र पुरुष अभिभावकको उपस्थिति वा अनुपस्थिति, शैक्षिक योग्यता, परिवारको प्रकार रोजगार तथा आर्थिक अवस्था, विभिन्न

संगठनमा सहभागिता आदिमा निर्भर गर्छ । घरमा श्रीमान्को उपस्थितिमा भन्दा अनुपस्थितिमा महिलाले घरायसी निर्णय निर्माणमा बढी भूमिका खेल्न सक्छन् (थापा, २०१३) ।


यस प्रस्तावना तयार पार्दाका क्रममा गरिएका अध्ययन गरिएका माथि उल्लिखित लगायतका अन्य सम्पूर्ण साहित्यहरूले महिलाको परम्परागत घरायसी भूमिकाको विश्लेषणमा बढी जोड दिएको पाइन्छ । कसैले महिलाको लागि शिक्षा र आत्मनिर्भरतामा मात्र जोड दिएका छन् भने कतिले विदय्मान परिस्थितिहरूमा द्वैध भूमिका निर्वाह गर्न बाध्य महिलाहरूको चित्रण गरेका छन् । महिलाको हैसियत निर्धारणमा उनीहरूको घरायसी भूमिका, निर्णय गर्ने सम्बन्धमा उनीहरूको संलग्नता जस्ता पक्षहरू बढी जिम्मेवार हुन्छन् । यसैले यस्ता पक्षहरू महत्वपूर्ण विश्लेषणको एकाइ बन्न सक्ने हुँदा यस अध्ययन कार्यमा यिनै पक्षमा केन्द्रित भएर विस्तृत अध्ययन गर्ने प्रयास गरिएको छ ।

### २.४. अवधारणात्मक ढाँचा

विभिन्न उपलब्ध साहित्यहरूको समीक्षामा आधारित भएर विवाहित तामाङ्ग महिलाहरूको घरायसी निर्णय क्षमतालाई प्रभावित गर्न सक्ने सम्भावित तत्वहरूको पहिचान गर्दै यस अध्ययनका लागि अवधारणात्मक रुपरेखाको निर्माण गर्ने प्रयास यहाँ गरिएको छ । यस अवधारणात्मक ढाँचाभित्र निर्णय निर्माणको क्षेत्रलाई मुख्यतः सामाजिक साँस्कृतिक तत्व, आर्थिक तत्व, जनसाँख्यिक तत्व गरी तीन वटा पक्षमा विभाजन गरिएको छ । यी पक्षलाई अन्य आश्रित परिवर्त्यलाई प्रभावित गर्ने स्वतन्त्र परिवर्त्यका रुपमा अध्ययनमा समावेश गरिएको छ । अर्थात् महिलाका घरायसी भूमिका तथा क्रियाकलाप र निर्णय प्रक्रियालाई यी पक्षअर्न्तगत राखेर विश्लेषण गर्न सकिन्छ । विवाहित तामाङ्ग महिलाहरूको घरायसी निर्णय प्रक्रियामा सहभागिताको अध्ययन गर्न प्रयोग गरिने अवधारणात्मक ढाँचालाई चित्रात्मक रुपमा यसरी देखाउन सकिन्छ :

## चित्र नं. १

## विवाहित तामाङ्ग महिलाहरुको घरायसी निर्णय प्रक्रियामा सहभागिताको अध्ययनका लागि अवधारणात्मक ढाँचा



चित्र नं. १ मा प्रस्तुत अवधारणात्मक ढाँचामा आधारित भएर यस अध्ययन कार्य गरिएको छ । शिक्षा लगायतका सामाजिक तत्वले घरायसी निर्णय प्रक्रियामा महिलाको सहभागिताको अवस्थालाई प्रभावित गर्दछ । सामान्यत मागी विवाह गरेर आएका महिलाले भन्दा प्रेम विवाह गरेका महिलाले आफ्नो श्रीमान्लाई पहिले नै राम्ररी बुझिसकेको र श्रीमान्को साथ तथा समर्थन हुने हुँदा हरेक पारिवारिक मामिलामा श्रीमान्सँग खुलेर कुरा गर्ने हैसियत राख्दछन् । यसले घरायसी निर्णयमा महिलाको सहभागितालाई प्रोत्साहन गर्दछ । जबकी मागी विवाहमा यसको सम्भावना अत्यन्त न्यून हुन्छ । त्यस्तै शिक्षित महिलालाई बाह्य परिवेशमा कहाँ के भइरहेको छ थाहा हुने, कानुनी व्यवस्था, न्याय प्रक्रिया लगायत आफ्ना अधिकारका बारेमा जानकारी हुने हुँदा उनीहरूको घरायसी निर्णय क्षमतालाई सबल बनाउँछ । शिक्षित महिलाहरू सन्तानको जन्म, शिक्षा तथा औषधोपचार लगायतका पक्षमा आवश्यक निर्णय लिन सक्षम हुन्छन् । महिलाहरूको पेसा वा आर्थिक अवस्थाले पनि परिवारमा उसको हैसियत निर्धारण गर्दछ । यदि महिला आफै सक्षम छन् र आवश्यक नगद भुक्तानी गर्न सक्छन् भने कुनै पनि कुराको आर्थिक भुक्तानीको लागि अरुको सहयोग नचाहिने भएकाले आफै आवश्यक निर्णय लिन सक्छन् । त्यस्तै परिवारको आकार पनि निर्णय प्रक्रियालाई प्रभावित गर्ने तत्व हो । सामान्यत एकल परिवारमा सदस्य संख्या थोरै हुने हुँदा परिवारमा मुख्य व्यक्ति भन्नु श्रीमान् श्रीमती नै हुने हुँदा आपसमा अन्तर्क्रिया र सहकार्य धेरै हुने गर्दछ । यसैले घरायसी निर्णयमा संयुक्त परिवारमा भन्दा एकल परिवारमा महिलाको सहभागिता धेरै हुने गर्दछ ।

# अध्याय–तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

राष्ट्रिय तथा अन्तराष्ट्रिय तहबाट समय समयमा महिलाका हक अधिकारका सम्बन्धमा विभिन्न अध्ययन अनुसन्धान मार्फत समस्यालाई उजागर गर्दै समाधानका उपायहरूको खोजी कार्य भैरहेको पाइन्छ । विषेशगरि सामाजिक, आर्थिक शैक्षिक एवं निर्णय प्रक्रिया लगायतका पक्षमा जति सुधार हुनु पर्ने हो, सोचे जति सुधार आउन सकेको छैन । त्यसैले महिलाको विषयमा अझ बढि अध्ययन अनुसन्धान हुनु आवश्यक छ भन्ने सोचका कारण र प्रस्तावित अध्ययन क्षेत्रमा प्रस्तावित विषयमा हाल सम्म एकदमै कम अध्ययन अनुसन्धानका कार्यहरू भएकाले यस क्षेत्रका महिलाहरूको अवस्थाको वास्तविक चित्रणका लागि अध्ययन क्षेत्रलाई छनोट गरिएको हो । नेपाल जस्तो बहुलबादी समाजमा आर्थिक, सामाजिक, साँस्कृतिक एवं क्षेत्रिय विषेशताहरू फरक फरक पाइने हुँदा निर्णय प्रक्रियाका ढाँचा पनि स्वभाविक रुपमा फरक पाउन सकिन्छ । महिलाको यो सवाल समसामयिक विषय पनि बनेको हुँदा अध्ययन को लागि औचित्यपूर्ण रहने विश्वास गरेको छ ।

## ३.२ अध्ययनको ढाँचा

मूलतः अन्वेषणात्मक अनुसन्धान ढाँचा र वर्णनात्मक अनुसन्धान ढाँचामा यो अध्ययन आधारित रहेको छ । अध्ययन क्षेत्रका तामाङ्ग महिलाहरूको घरायसी निर्णय प्रक्रियामा सहभागिताको अवस्था कस्तो छ ? केकस्ता घरायसी क्रियाकलापमा कस्तो किसिमको निर्णय गर्न सक्ने क्षमता राख्छन् ? जस्ता यस भन्दा अघि अध्ययन नगरिएका र थाहा नभएका प्रश्नको जवाफ खोजीका लागि अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । यसले तामाङ्ग महिलाको सामाजिक साँस्कृतिक अवस्था, उनीहरूको घरायसी निर्णय प्रक्रिया र सक्षमतासम्बन्धी जानकारी संकलन गर्न मद्दत गर्नेछ । त्यस्तै तामाङ्ग महिलाको घरायसी निर्णयलाई प्रभावित गर्ने सामाजिक, आर्थिक तथा जनसांख्यिक तत्व वा चलहरूको विस्तृत विवरण संकलन तथा तथ्याङ्क प्रस्तुतिका लागि वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

### ३.३ समग्र र नमुना छनौट

ईचंगुनारायण गा. वि. स. (हाल नागार्जून नगरपालिका वडा नं. १) का विवाहित तामाङ्ग महिलाहरूमा अध्ययन केन्द्रित हुने भएकाले सबै विवाहित तामाङ्ग महिलाहरू यस अध्ययन कार्यका समग्र हुन् । यस क्षेत्रमा तामाङ्ग समुदायको बाहुल्यता रहेको वडा नं १ लाई उद्देश्यपूर्ण नमुना छनोट विधि अनुसार अध्ययन क्षेत्रका रुपमा छनोट गरिएको छ । निर्धारित वडा नं १ मा विवाहित महिलाको संख्या जम्मा ४० मात्रै भएकाले नमुना छनौट गरिरहनु आवश्यक नदेखिएकाले १५ वर्ष भन्दा माथिको सबै विवाहित महिलाहरूलाई उत्तरदाताका रुपमा समावेश गरि जनगणना विधिको प्रयोग गरिएको छ ।

### ३.४. तथ्याङ्कको प्रकृति तथा स्रोत

यस अध्ययन कार्यमा संकलन गरिएको तथ्याङ्कको प्रकृति गुणात्मक तथा संख्यात्मक दुवै छन । उत्तरदाताको उमेर, आम्दानी, परिवारको आकार लगायतका तथ्याङ्कहरू संख्यात्मक प्रकृतिका छन् । उत्तरदाताका धारणालाई व्याख्यात्मक रुपमा पनि तथ्याङ्क विश्लेषणका क्रममा प्रस्तुत तथ्याङ्कको प्रकृति गुणान्मक छ । त्यस्तै तथ्याङ्कको स्रोत पनि आवश्यकताअनुसार प्राथमिक तथा द्वितीय दुवै प्रयोग भएको छ । प्राथमिक स्रोतका रुपमा अध्ययन क्षेत्रका विवाहित महिलाहरू छन् जसबाट अन्तर्वार्ता कार्यतालिकामार्फत तथ्याङ्क संकलन गरिएको छ । द्वितीय तथ्याङ्कको स्रोतका रुपमा विभिन्न पुस्तक, पत्रपत्रिका, जर्नल, सरकारी तथा गैरसरकारी संगठन आदिको प्रयोग गरिएको छ । विभिन्न व्यक्ति तथा संगठनसँगको अनौपचारिक छलफल तथा अन्तरक्रियालाई पनि तथ्याङ्कको स्रोतका रुपमा प्रयोग गरिएको छ ।

### ३.५. तथ्याङ्क संकलनका साधन तथा प्रविधि

अन्तर्वार्ता कार्यतालिका तथा मुख्य जानकार व्यक्तिसँगको अन्तवार्तालाई यस अध्यनकार्यमा तथ्याङ्क संकलनको साधनका रुपमा प्रयोग गरिएको छ । यसमार्फत प्राथमिक तथ्याङ्क संकलन गरी वास्तविक वस्तुस्थितिको विश्लेषण गर्ने प्रयास गरिएको छ भने विभिन्न प्रकाशित तथा अप्रकाशित पुस्तक अभिलेख, प्रतिवेदन,जर्नल आदिलाई द्वितीय तथ्याङ्क प्राप्त गर्न उपयोग गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता अनूसूची

सामाजिक अनुसन्धानमा तथ्याङ्क संकलनका लागि अन्तर्वार्ता कार्यतालिका एक महत्वपूर्ण र प्रभावकारी  प्रविधि हो । कुनै पनि विषयमा केन्द्रित रहेर उत्तरदाताहरूको विचार तथा धारणा बुझ्न र तोकिएको विषयमा उनीहरूको व्यवहारहरू पत्ता लगाउन यो प्रभावकारी छ । यस अध्ययनमा घरायसी निर्णय प्रक्रियामा तामाङ्ग महिलाहरूको सहभागिताको वास्तविक अवस्थाका बारेमा तथ्याङ्क संकलनका लागि घरायसी तहका आर्थिक, सामाजिक तथा जनसाँख्यिक पक्षमा महिलाको निर्णय क्षमतालाई समेट्ने गरी प्रश्नहरू तयार गरी उत्तरदाताहरूसमक्ष पुगेर प्रश्नहरूको उत्तर खोजिएको छ ।

### ३.५.२ मुख्य जानकार व्यक्तिसँगको अन्तवार्ता

सामान्यत कुनै पनि विषयमा गहन अध्ययनका लागि सम्बन्धित विषय विज्ञसँग कुराकानी गरेर तथ्य संकलन गर्ने प्रविधि मुख्य जानकार व्यक्तिसँगको अन्तर्वार्ता हो । स्थानीय महिला (जस्तै स्वास्थ्य स्वयंसेविका वा शिक्षिका) लाई मुख्य जानकार व्यक्तिको रुपमा लिइएको छ । मुख्य सूचनादातासँग उत्तरदाताहरूबाट अन्तर्वार्ता कार्यतालिकामा समावेश प्रश्नहरू भराइसकेपछि उक्त जानकारीहरूको बारेमा किन, कसरी जस्ता पक्षहरूमा रहेर विश्लेषणात्मक छलफल गर्दै तथ्य संकलन गरिएको छ ।

### ३.५.३ समुह छलफल

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा अध्ययन क्षेत्र भित्र रहेका आमा समुहका सदस्यहरू, स्थानिय सामाजिक कार्यकर्ता र महिला उत्थानका लागि काम गर्ने संस्थामा कार्यरत कर्मचारीहरू संग समुहगत रुपमा छलफल प्रक्रिया द्वारा आवश्यक तथ्यांक संकलन गरिएको छ ।

### ३.६. तथ्याङ्क विश्लेषण प्रस्तुतीकरण तथा व्याख्या

अन्तर्वार्ता कार्यतालिकाबाट प्राप्त सम्पूर्ण तथ्याङ्कलाई वैधानिकीकरण गरी वर्गीकरण, सम्पादन तथा संकेतन गरी विश्लेषण गरेर प्रत्येक तथ्याङ्कलाई संख्या र प्रतिशत सहित तालिका तथा वृत्तचित्रमा  देखाउँदै व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । त्यस्तै अन्य गुणात्मक तथ्याङ्क र मुख्य सूचनादाताबाट संकलित तथ्यहरूलाई वर्णनात्मक स्वरुपमा प्रस्तुत गरिएको छ ।

# अध्याय-चार

# तथ्याङ्क विश्लेषण तथा सामाजिक र आर्थिक पृष्ठभूमि

अन्तवार्ता कार्यतालिकामार्फत कार्यक्षेत्रसम्म पुगेर उत्तरदाताबाट ल्याइएको प्राथमिक तथ्याङ्क तथा अन्य द्वितीय स्रोतबाट संकलन गरिएको तथ्याङ्कहरूलाई क्रमबद्ध रुपमा प्रस्तुत गर्दै तिनको व्याख्या तथा विश्लेषण यस अध्यायमा गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय तथा उत्तरदाताको विवरण

प्रस्तुत अध्ययन कार्यको अध्ययन क्षेत्र सम्बन्धी प्रारम्भिक जानकारी यहाँ प्रस्तुत गरिएको छ । अध्ययन क्षेत्रको अवस्थिति कस्तो छ, उत्तरदाता कस्ता प्रकृतिका छन्, उनीहरूको पहिचानगत विशेषताहरू केकस्ता छन् लगायतका विविध पक्षको जानकारी प्रस्तुतीबाट अध्ययन तथा विश्लेषणलाई अर्थपूर्ण र सुबोध्य बनाउने प्रयास गरिएको छ । यसअन्तर्गत प्राथमिक तथा द्वितीय स्रोतबाट संकलित अध्ययन क्षेत्र र उत्तरदाताहरूको परिचय सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

### ४.१.१ अध्ययन क्षेत्रको संक्षिप्त परिचय : नागार्जुन नगरपालिका

प्रस्तुत अध्ययनको क्षेत्र नागार्जुन न.पा. मध्यमाञ्चल विकास क्षेत्रको बागमती अञ्चलमा पर्ने काठमाडौ जिल्लामा अवस्थित छ । यो पूर्व देशान्तर र ८५° १२' देखि ८५° १७' को वीचमा र उत्तर अक्षांश २७° ४०' देखि २७° ४४' को वीचमा पर्दछ (जि.वि.स्रे, २०७३) । यो न. पा. काठमाडौं महानगर पालिकाका १४, १३, १५ र १६ पश्चिममा धादिङ् जिल्ला उत्तरमा तारकेश्वर नगरपालिका र दक्षिणमा चन्द्रागिरी रहेका छन । प्राकृतिक सुन्दरताले भरिएको यो न. पा. जातिगत हिसाबले पनि विविधतापूर्ण छ । बाहुन, क्षेत्री, तामाङ, नेवार, दनुवार, दमाई, कामी, मगर लगायतका विभिन्न जातिहरूको बसोबास यहाँ छ ।

### ४.१.२ नागार्जुन न. पा. को जम्मा घरधुरी र जनसंख्यागत विवरण

**तालिका ४.१: घरधुरी र लिङ्गका आधारमा ईचंगुनारायण गा. वि. स. (हाल नागार्जून नगरपालिका वडा नं. १) को जनसंख्या विवरण:**

| | | जनसंख्या | | |
|---|---|---|---|---|
| वडा | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
| १ | ५० | ९१ | ७६ | १६७ |
| २ | १०० | १९३ | १७४ | ३६७ |
| ३ | १४२ | ३३७ | २७२ | ६०९ |
| ४ | २८ | ५२ | ३४ | ८६ |
| ५ | ४२ | १०१ | ८२ | १८३ |
| ६ | ६० | १२७ | ९८ | २२५ |
| ७ | १०० | २२० | १६६ | ३८६ |
| ८ | ८० | १५३ | १३३ | २८६ |
| ९ | २४ | ४५ | ३५ | ८० |
| जम्मा | ६२६ | १३१९ | १०७० | २३८९ |

स्रोत : राष्ट्रिय जनगणना, २०६८

तालिका ४.१ मा नागार्जुन न. पा. मा अवस्थित जम्मा घरधुरी र जनसंख्यालाई वडागत रुपमा प्रस्तुत गरिएको छ । जसअनुसार जम्मा घरधुरी संख्या ६२६ रहेको छ भने कुल जनसंख्या २३८९ रहेको छ ।

### ४.१.३ उमेरका आधारमा उत्तरदाताको विवरण

जनसंख्याको वितरणमा उमेरलाई एउटा महत्वपूर्ण सूचकका रुपमा समावेश गरिन्छ । कामको किसिम, कामको समय, विभिन्न सामाजिक सम्बन्ध तथा जिम्मेवारी, निर्णय प्रक्रिया आदिलाई उमेरले प्रभावित गर्दछ । हाम्रो जस्तो परम्परागत नेपाली समाजको सन्दर्भमा हेर्ने हो भने उमेरले व्यक्तिको सामाजिक हैसियतलाई समेत निर्धारण गरेको हुन्छ । विभिन्न पारिवारिक तथा सामाजिक क्रियाकलापका क्षेत्रमा निर्णय लिने सम्बन्धमा उमेरले प्रभाव पार्दछ । हाम्रो समाजमा उमेरमा बढी भएका व्यक्तिलाई पाको र सही निर्णय गर्न सक्ने भन्ने

किसिमको सम्मानित नजरबाट हेरिन्छ । उत्तरदाताको उमेरगत वितरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४.२: उमेरका आधारमा उत्तरदाताको विवरण**

| उमेर समूह | प्रतिशत (%) |
|---|---|
| १५-२० | १० |
| २१-३० | २० |
| ३१-४० | १५ |
| ४१-५० | ३० |
| ५१-६० | २० |
| ६० बर्ष भन्दा माथि | ५ |
| जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

तालिका ४.२ मा उमेरका आधारमा उत्तरदाताको वितरण प्रस्तुत गरिएको छ । जसअनुसार सबैभन्दा बढी ३०% उत्तरदाता ४१-५० वर्ष उमेर समूहका छन् । सबैभन्दा कम ६० वर्ष माथिका जम्मा २ जना अर्थात् ५% मात्रै छन् । पछिल्लो समयमा कम उमेरमा गरिने विवाहमा आएको परिवर्तनका कारण १५-२० उमेर समूहमा रहेका उत्तरदाताको संख्या कम अर्थात जम्मा १०% मात्रै छ । त्यस्तै २१-३० उमेर समूह मा पनि श्रीमान् विदेश वा सहरतिर काम गर्न जाने र श्रीमती तथा छोराछोरीलाई पनि सहरमा राख्ने प्रवृत्तिले गर्दा यसमा पनि कम अर्थात् २०% मात्रै रहेका छन् । बढी देखिएको ४१-५० उमेरसमूहका महिलाहरूमा छिटो उमेरमै विवाह गरेका र गाउँमै बसेर पुर्ख्यौली रुपमा कृषिमा आबद्ध महिलाहरू छन् जो सहरसम्म पुग्न सकेका छैनन् त्यसैले यसमा उत्तरदाताको संख्या बढी देखिएको छ । कम उमेरमा परिपक्व निर्णय नगर्ने मान्दै उनीहरूसँग छलफल गर्नु आवश्यक नठान्ने प्रवृत्तिले उनीहरूको निर्णयलाई कमजोर पारेको छ भने ६० वर्ष उमेर कटीसकेपछि बुढ्यौलीका कारण आफू काम गर्न नसक्ने भएकाले अरुले जे भन्यो त्यही मान्नुपर्ने किसिमको पारिवारिक वातावरणले गर्दा के गर्ने/नगर्ने निर्णय छोराबुहारी गर्छन् । यसका अलावा काम गरेर खान सक्ने उमेरका महिलाहरू विभिन्न पारिवारिक मामिलामा अलि कडा रुपमा प्रस्तुत हुने र यसो गर्नुपर्छ भन्ने क्षमता राख्दछन् ।

### ४.१.४ उत्तरदाताको शैक्षिक स्तर

उत्तरदाताको शैक्षिक स्तरका सम्बन्धमा अध्ययनका क्रममा संकलन गरिएको तथ्यलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका ४.३ :उत्तरदाताको शैक्षिक स्तर**

| साक्षर | | | | | निराक्षर |
|---|---|---|---|---|---|
| अनौपचारिक | प्राथमिक | माध्यमिक | उच्च | जम्मा | ८(२०%) |
| १८ | ८ | ६ | - | ३२ | |
| ४५% | २०% | १५% | - | ८०% | |


स्रोतः स्थलगत अध्ययन, २०७४

स्थलगत अध्ययनबाट प्राप्त तथ्यलाई समेटिएको तालिका नं. ४.३ अनुसार लक्षित उत्तरदातामध्ये ८०% साक्षर र २०% निरक्षण उत्तरदाता छन् । ग्रामीण क्षेत्रमा सञ्चालन गरिदै आएको प्रौढ शिक्षा कार्यक्रमबाट उत्तरदाताहरू साक्षर भएकोले बढी जसो ४५% उत्तरदाताले अनौपचारिक शिक्षा हासिल गरेका छन् । त्यस्तै २०% उत्तरदाताले प्राथमिक र १५% उत्तरदाताले माध्यमिक तहसम्मको अध्ययन गरेका छन् । उत्तरदातामध्ये कसैले पनि उच्च शिक्षा हासिल गरेका छैनन् । मुख्यतः बिचमै पढाई छोड्ने प्रवृत्तिले उनीहरूले उच्च तहसम्मको शिक्षा लिन नसकेको अध्ययनका क्रममा पाइयो । अशिक्षित महिला  भन्दा शिक्षित महिलाहरू गाउँमा सञ्चालन हुने सामुदायिक विकासका कार्यक्रमहरूमा सहभागी हुन बढी अग्रसर हुने गर्छन् । उनीहरूलाई बाह्य परिवेशमा के भइरहेको छ जानकारी हुनका साथै विभिन्न कानुनी तथा न्याय प्रक्रियाका बारेमा पनि जानकारी भएकाले उनीहरूमा बढी आत्मविश्वास तथा धेरै कुराको जानकारी भएको र घरायसी निर्णयको पक्षमा आफ्नो सुझाव दिन र निर्णय लिन सक्षम रहेको अध्ययनका क्रममा देखियो । अनौपचारिक र प्राथमिक शिक्षा लिएकामा भन्दा माध्यमिक शिक्षासम्म अध्ययन गर्नेको निर्णय क्षमता तुलनात्मक रुपमा उच्च छ । विभिन्न घरायसी पक्ष जस्तै बच्चाको शिक्षा, स्वास्थ्य सेवा, खाद्यान्न तथा लत्ताकपडा खरिद आदिमा कसले निर्णय गर्छ भनेर राखिएको जिज्ञासामा आफू भन्ने जवाफ दिनेहरू अधिकांश माध्यमिक शिक्षा लिने छन् । माध्यमिक शिक्षा लिने १५% उत्तरदाताको निर्णय भूमिका अन्यभन्दा उच्च छ । विभिन्न पक्षमा अन्तिम निर्णय गर्ने क्षमता यी महिलाहरू राख्दछन् ।

### ४.१.५ उत्तरदाताको पारिवारिक संरचना

समाजमा महिलाको अवस्था कस्तो छ ? उनीहरूलाई केकस्ता काममा संलग्न गराइएको छ ? जस्ता कुराहरूबारे थाहा पाउन परिवारको आकार विश्लेषणको एक महत्वपूर्ण परिवर्त्य हो । यसले परिवारमा महिलाको शक्ति तथा पारिवारिक प्रणालीमा महिलाको भूमिका दुवैलाई प्रभावित गर्दछ । अध्ययन क्षेत्रमा उत्तरदाताहरूको पारिवारिक संरचना एकल तथा संयुक्त दुवै रहेको पाइएको छ । निम्न चित्रले उत्तरदाताहरूको परिवारको स्वरुपलाई प्रस्तुत गर्दछ :

**चित्र ४.१: उत्तरदाताको परिवारको संरचना**




स्रोत : स्थलगत अध्ययन २०७४


चित्र ४.१ मा उत्तरदाताहरूको परिवारको संरचना वा आकारलाई प्रस्तुत गरिएको उत्तरदाताहरूमध्ये बहुसंख्यक ३५% उत्तरदाता एकल परिवारमा बस्छन् भने ६५% उत्तरदाता मात्रै संयुक्त परिवारमा बस्छन् । वर्तमान परिप्रेक्ष्यमा शिक्षा तथा विकासको विस्तारसँगै पछिल्लो पुस्ताले संयुक्त भन्दा एकल परिवारमा बस्न रुचाउने गरेकाले संयुक्त परिवारमा कमी देखिन थालेको छ । सहरतिरको बसाइसराइ, बैदेशिक रोजगारको बढ्दो लहर आदि कारणले पनि यस क्षेत्रमा संयुक्त परिवारको संख्यामा गिरावट आएको छ । घरायसी निर्णयमा महिलाको सहभागिताका सम्बन्धमा परिवारको आकारलाई लिएर विश्लेषण गर्दा संयुक्त परिवारमा भन्दा एकल परिवारमा बस्ने विवाहित महिलाको घरायसी निर्णय प्रक्रियामा सहभागिता बढी देखिएको छ । यसो हुनुमा परिवारमा जति कम सदस्य भयो

निर्णय लिदा हुने हस्तक्षेपमा त्यति नै कमी हुनु हो । विभिन्न निर्णयमा आफ्नो मुख्य भूमिका रहने बताउने उत्तरदाताहरूमध्ये ३५% उत्तरदाता एकल परिवारका छन् । एकल परिवारमा तुलनात्मक रुपमा एकल परिवारमा महिलाको हैसियत उच्च रहने गरेको छ ।

### ४.१.६ परिवारको मूली

कुनै पनि परिवारको मूली अर्थात् मुख्य व्यक्ति को छ ? भन्ने आधारमा उक्त परिवारमा महिलाको स्थान कस्तो छ जान्न सकिन्छ । हरेका पारिवारिक मामिलामा के गर्ने भन्ने निर्णय गर्ने मुख्य अधिकार उक्त परिवारको मूलीलाई हुने भएकाले महिलाको पारिवारिक निर्णय क्षमता बुझ्न यसबारे जान्न आवश्यक छ । त्यसैले अध्ययनका क्रममा यस सम्बन्धमा पनि तथ्याङ्क संकलन गरिएको छ जसको नतिजा निम्न वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

**चित्र ४.२: परिवारको मूली**




स्रोत : स्थलगत अध्ययन, २०७४

चित्र नं.४.२ अनुसार ३०% उत्तरदाताको परिवारमा महिला मूली रहेका छन् भने ७०% उत्तरदाताको परिवारमा पुरुष सदस्य मूलीका रुपमा रहेका छन् । तर परिवारमा कसलाई मूली भन्ने विषयमा उत्तरदाताहरूमा स्पष्टताको अभाव छ । परिवारमा जसको बोलवाला बढी हुन्छ र जो उमेरमा ठूलो छ उसैलाई मूली भन्ने प्रवृत्ति अध्ययनका क्रममा भेटियो ।

## ४.२ आर्थिक अवस्था

परिवारभित्र महिलाको अवस्थाको महत्वपूर्ण निर्धारक आर्थिक तत्व हो । महिलाको आर्थिक स्तरको जानकारीबाट उसको अवस्था कस्तो छ जान्न सकिन्छ । घरायसी निर्णयसँग सम्बन्धित विभिन्न पक्षहरूलाई आर्थिक स्तरले प्रभावित गर्ने भएकाले यो पनि विश्लेषणको महत्वपूर्ण इकाइ हो । यसैले  अध्ययन क्षेत्रका विवाहित तामाङ महिलाहरूको आर्थिक अवस्थासँग सम्बन्धित रहेर विविध जानकारी लिने प्रयास यस अध्ययनमा गरिएको छ ।

### ४.२.१ उत्तरदाताहरूको परिवारको मुख्य आयस्रोत

परिवारलाई विश्लेषणको मुख्य इकाइ बनाएर गरिने कुनै पनि अध्ययनमा विश्लेषणका लागि परिवारको आयस्रोत पनि एक महत्वपूर्ण परिवर्त्य हो । आम्दानीको स्रोत राम्रो छ भने परिवारको सम्पूर्ण आवश्यकता सहजै पूरा हुने हुँदा सम्पूर्ण घरायसी वातावरण सौहाद्रपूर्ण हुन्छ । यसबाट महिलाको अवस्था पनि तुलनात्मक रुपमा राम्रो हुने अपेक्षा राख्न सकिन्छ । यस सम्बन्धमा अध्ययनका क्रममा संकलित विवरण निम्न तालिकामा देखाइएको छ :

**तालिका ४.४ :उत्तरदाताको परिवारको आयस्रोत**

| आयस्रोत | प्रतिशत(%) |
|---|---|
| कृषि | ५५ |
| व्यापार | ५ |
| रोजगार | १२.५ |
| अन्य(श्रमिक तथा ज्याला मजदुर) | २७.५ |
| जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

उत्तरदाताहरूको पारिवारिक आयस्रोत समेटिएको तालिका ४.४ अनुसार सबैभन्दा बढी ५५% उत्तरदाताको परिवारको मुख्य आयस्रोत कृषि र सबैभन्दा कम ५% व्यापार रहेको छ । त्यस्तै १२.५% रोजगार र २७.५% अन्य रहेको छ जसमा ज्याला मजदुरीमा संलग्नहरू पर्दछन् । ग्रामीण क्षेत्रको मुख्य आधार नै कृषि भएकाले धेरैले कृषिलाई नै निरन्तरता दिदै आइरहेका छन् । त्यस्तै गाउँमा  रोजगारीको अवसर नभएको र तामाङ समुदायमा उच्च शिक्षा लिनेहरू नरहेकाले रोजगारी मुख्य आयस्रोत भएको परिवार पनि न्यून रहेको छ ।

परिवारको मुख्य आयस्रोत के हो भन्ने कुराले पनि उत्तरदाताको निर्णय लिन सक्ने अवस्थामा प्रभाव पर्ने गरेको छ । रोजगार मुख्य आयस्रोत भएको परिवारमा भन्दा कृषि नै आयस्रोत भएको परिवारमा घरायसी निर्णयमा महिलाको बढी सहभागिता हुने गर्छ । महिला तथा पुरुष सदस्य दुवै कृषिमा संलग्न हुँदा काममा समानता हुने भएकाले आपसी अन्तर्क्रिया बढी हुने भएकाले खेतीपाती कहिले के लगाउने, अतिरिक्त आयलाई  के गर्ने, कुन काम कहिले कसरी गर्ने भन्ने लगायतका निर्णयहरू सदस्यहरू आपसी समझदारीमा गर्छन् । जबकी श्रीमान् रोजगारमा संलग्न भएको परिवारमा श्रीमान् आफू बढी जान्नेसुन्ने भएको ठान्ने प्रवृत्तिले श्रीमतीसँगको सल्लाहलाई आवश्यक नठानी आफूखुसी निर्णय गर्ने गर्छन् ।

### ४.२.२ पेसा

पारिवारिक निर्णय गर्ने सम्बन्धमा महिलाको क्षमताको महत्वपूर्ण निर्धारक उसको पेसा हो । जब महिला आर्थिक रुपमा सक्षम हुन्छन् त्यतिबेला किनमेल तथा खरिदबिक्री जस्ता कुरामा निर्णय गर्न सक्षम हुन्छन् । त्यस्तै आर्थिक रुपमा परनिर्भर महिला यस्ता निर्णयसम्म पहुँच राख्न सक्दैनन् । जस्तै घरमा केही सामान ल्याउने निर्णय गर्न महिलासँग त्यसको लागि पैसा अरुसँग माग्नु पर्ने छ भने तँ आफै गर भन्ने जस्ता जवाफ आउने हुँदा आफ्नो निर्णयलाई पूरा गर्न उसलाई समस्या हुन्छ । त्यसैले यससँग सम्बन्धित रहेर अध्ययनका क्रममा संकलित तथ्यहरूलाई क्रमशः प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ : उत्तरदाताको पेसागत विवरण**

| विवाहअघि | | विवाहपछि | |
|---|---|---|---|
| **पेसा** | **प्रतिशत** | **पेसा** | **प्रतिशत** |
| कृषि/घरायसी | ७५ | कृषि/घरायसी | ८२.५ |
| व्यापार | १५ | व्यापार | १० |
| रोजगार | २.५ | रोजगार | - |
| अन्य(श्रम तथा ज्याला मजदुरी) | ७.५ | (अन्य श्रम तथा ज्याला मजदुरी) | ७.५ |
| जम्मा | १०० | जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४


तालिका ४.५ मा उत्तरदाताको पेसागत विवरण प्रस्तुत गरिएको छ । विगत र वर्तमानमा उनीहरूको पेसागत अवस्थामा देखिएको परिवर्तन जान्ने हेतुले विवाहअघि र विवाहपछिको

पेसाबारे जानकारी संकलन गरीएको छ । तथ्याङ्कअनुसार हाल अधिकांश ८२.५% उत्तरदाता कृषि तथा घरायसी कार्यमा संलग्न छन् जुन विवाहअघिको तुलनामा ७.५%ले बढी हो । त्यस्तै व्यापार विवाहअघि १५% र विवाहपछि १०% उत्तरदाताको पेसाका रुपमा रहेको छ । ७.५% उत्तरदाता श्रम तथा ज्यालामजदुरी लगायतका अन्य पेसामा आबद्ध छन् । विवाहपछि के गर्ने भन्नेमा श्रीमान् र परिवारको स्वीकृति आवश्यक भएकाले पेसामा परिवर्तन हुने गरेको छ । परिवारको मुख्य आयस्रोत नै कृषि हुने हुँदा अधिकांश महिला आफूलाई पनि त्यसैमा संलग्न गराउन बाध्य छन् । व्यापार र अन्य पेसामा संलग्न महिलाले प्रत्यक्ष नगद आर्जन गर्न सक्ने र आर्थिक अवस्था तुलनात्मक रुपमा राम्रो भएकाले कृषिमा संलग्नभन्दा पारिवारिक निर्णयमा प्रभावमूलक सहभागिता राख्ने गर्दछन् । मूल्य भुक्तानी गर्न सक्ने क्षमताका कारण आवश्यक सामग्री खरिद सम्बन्धी निर्णय र कर्जा लेनदेन सम्बन्धी निर्णय समेत उनीहरू आफै गर्न सक्छन् ।

### ४.२.२(क) उत्तरदाताको पेसाप्रतिको धारणा

हाल आफूले गर्दै आइरहेको काम वा पेसाका सम्बन्धमा उत्तरदाताहरूको धारणा बुझ्ने प्रयास निम्नानुसार गरिएको छ :

**चित्र ४.३ : पेसाप्रति उत्तरदाताको धारणा**




स्रोत : स्थलगत अध्ययन, २०७४

चित्र ४.३ अनुसार धैरेजसो अर्थात ७०% उत्तरदाता आफ्नो पेसासँग सन्तुष्ट छैनन् । त्यस्तै अत्यन्त कम ५% उत्तरदाताले मात्रै सन्तुष्ट भएको बताए भने २५% ले अलिअलि मात्रै सन्तुष्ट भएको बताए । कृषि तथा घरायसी काममा मात्रै संलग्न महिलाहरू सन्तुष्ट हुन नसकेको अध्ययनका क्रममा थाहा भयो । सधैं एकै किसिमको चुलोचौको, मेलापातमा अत्यधिक समय खटिनुपर्ने तर नगद आम्दानी नहुने भएकाले पेसाप्रति असन्तुष्ट रहेको बताए । पेसाप्रति असन्तुष्ट रहनुका सम्भावित कारणहरूलाई समेटेर उत्तरदाताहरूलाई प्रश्न गरिएको छ :

**तालिका ४.६ : पेसाप्रति असन्तुष्टिका कारण**

| कारण | प्रतिशत (%) |
|---|---|
| काम गर्न गाह्रो भएर | ७५ |
| आम्दानी कम हुने भएर | २५ |
| जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन २०७४

तालिका नं ४.६ मा उल्लेख गरिए अनुसार जम्मा २५% उत्तरदाताले आम्दानी कम हुनुलाई र ७५% उत्तरदाताले काम गर्न गाह्रो हुनलाई पेसाप्रति असन्तुष्ट रहनुको कारणका रुपमा उल्लेख गरेका छन् । घरयासी समस्या, स्वास्थ्यमा समस्याका कारणहरुले गर्दा काम गर्न गाह्रो भएर पेसाप्रति असन्तुष्ट रहेको देखिन्छ ।

## ४.२.२(ख) पेसा छनौटको कारण

उत्तरदाताहरूले अपनाउँदै आएका सम्बन्धित पेसा नै छनौट गर्नुको कारणको जानकारीबाट आफ्नो पेसाका सम्बन्धमा निर्णय लिन उनीहरू सक्षम छन् कि छैनन् थाहा पाउन सकिन्छ । त्यसैले यससम्बन्धी जानकारी लिने प्रयास यस अध्ययनमा गरिएको छ जसको नतिजा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४.७: पेसा छनौटको कारण**


| पेसा छनौटको सम्भावित कारण | प्रतिशत(%) |
|---|---|
| आफ्नो स्वेच्छा र रोजाइ | १५ |
| श्रीमान्को कारण | ३० |
| परिवारका अन्य सदस्यहरुको कारण | ५५ |
| अन्य | - |
| जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

माथिको तालिका ४.७ अनुसार उत्तरदाताहरूले आफूले हाल के कामलाई आफ्नो मुख्य पेसाका रुपमा अपनाउँदै आएका छन् सो को कारणका सम्बन्धमा उत्तरदाताबाट प्राप्त जवाफलाई समेटेको छ । जसअनुसार धेरैजसो ५५% उत्तरदाताले परिवारका अन्य सदस्यहरुको कारण भन्ने जवाफ दिए । सामान्यत विवाहपछि के गर्ने र कुन काममा आफूलाई संलग्न गराउने भन्ने विषयमा परिवारको स्वीकृति लिन आवश्यक रहेको देखिन्छ । त्यस्तै ३०% ले श्रीमान्को कारण भन्ने जवाफ दिए भने जम्मा १२% उत्तरदाताले मात्रै आफ्नो स्वेच्छाले भन्ने प्रतिक्रिया दिए । सामान्यतः कृषि तथा घरायसी काममै मात्र संलग्न महिलाहरूले घरपरिवार तथा श्रीमान्लाई कारणका रुपमा देखाएका छन् भने ज्यालामजदुरीमा संलग्न महिलाहरूले आफ्नो स्वेच्छाले गर्दै आएका काम रोजेको बताएका छन् । अध्ययनक्षेत्रका महिलाहरूमा अन्य बाह्य सीपको कमी र परिवारको अनुमति लिनुपर्ने बाध्यात्मक परिस्थितका कारण आफ्नो पेसाका सम्बन्धमा स्वतन्त्र निर्णय लिन अझै पनि सक्षम छैनन् ।

यस्तै आफ्नो लागि कस्तो किसिमको पेसा छनौट गर्ने वा के काम गर्ने भन्ने निर्णय गर्ने अधिकार सम्बन्धित व्यक्तिलाई हुनुपर्ने सम्बन्धमा उत्तरदाताको धारणा जान्ने प्रयास अध्ययनका क्रममा गरिएको छ जसको नतिजा निम्न वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

**चित्र ४.४: पेसा छनौटको निर्णय अधिकार सम्बन्धी उत्तरदाताको धारणा**




स्रोत : स्थलगत अध्ययन २०७४

चित्र ४.४ अनुसार बहुसंख्यक अर्थात् ८०% उत्तरदाताले पेसा छनौटको अधिकार हुनुपर्ने र अत्यन्त कम २०%ले मात्रै पर्दैन भन्ने प्रतिक्रिया दिएका छन् । यस्तो धारणा राख्नेमा विशेषगरी अलि बढी उमेरका ६० वर्ष माथिका र अशिक्षित महिला पर्दैन भन्नेमा छन् । हरेक काम महिलाले गर्न सक्दैन्, उपयुक्त छैन, सुरक्षित छैन जस्ता कारणहरू देखाएर महिलालाई परिवारका ठूला पुरुष सदस्यले निर्देशन दिने प्रचलन नेपाली समाजमा अझै पनि विद्यमान नै छ । यसलाई कतिपय महिलाले आफूभन्दा पुरुष नै बढी जानेबुझेको हुने भन्दै स्वयम् आफूलाई कमजोर सम्झने अवस्था पनि छदैछ । यस्तो सन्दर्भमा अध्ययनक्षेत्रका उत्तरदाताहरूमा चाहिँ पेसा छनौटको निर्णय गर्ने सम्बन्धी अधिकार आफूलाई हुनुपर्ने भन्ने सोचाइ राखेको पाइएको छ । तर यसका लागि सीप तथा शिक्षाको कमी, परिवारको अवरोधलगायतका थुप्रै बाधाव्यवधानहरू कायम नै छन् ।


### ४.२.३ आर्थिक क्रियाकलाप

घरायसी तहमा सम्पन्न हुने विभिन्न आर्थिक क्रियाकलाप र सम्बन्धित विविध पक्षमा निर्धारित अवधारणात्मक ढाँचाभित्र रहेर यस सम्बन्धमा विविध जानकारी लिने प्रयास गरिएको छ ।

### ४.२.३ (क) घरभन्दा टाढा अन्यत्र गएर गरिने कामप्रतिको धारणा

शिक्षाको विस्तार, विभिन्न सचेतनामूलक कार्यक्रम, राज्यका सम्पूर्ण निकायमा महिलाको लागि आरक्षित सीटको व्यवस्था लगायतका महिला उत्थानका लागि गरिएका यावत् प्रयासका बाबजुत पनि हाम्रो समाजमा अझै पनि घरायसी दायराभन्दा बाहिर महिलाको उपस्थितिलाई राम्रो नमान्ने प्रवृत्ति विद्यमान नै छ। सहरी क्षेत्रमा यस्तो सोचाइ कम पाइए पनि ग्रामीण क्षेत्रमा अझै यो समस्या यथावत् नै छ। अध्ययनक्षेत्रमा उत्तरदाताको परिवारले यस सम्बन्धमा कस्तो धारणा राख्छ उत्तरदाताबाट जान्ने प्रयास गरिएको छ :

**चित्र ४.५: घरभन्दा टाढा अन्यत्र गएर गरिने कामप्रतिको धारणा**





स्रोत : स्थलगत अध्ययन २०७४

चित्र ४.५ अनुसार २०% उत्तरदाताले घरभन्दा टाढा अन्यत्र गएर गरिने कामप्रतिको परिवारको धारणा राम्रो र २५% ले नराम्रो रहेको प्रतिक्रिया दिए। त्यस्तै ५५% ले ठीकै भन्ने प्रतिक्रिया दिए। यदि परिवारको अनुमति लिएर जाने हो भने अन्यत्र गएर काम गर्न सकिने अवस्था अध्ययनक्षेत्रमा रहेको देखिन्छ। घरायसी दायरा भन्दाका काम महिलाका लागि सुरक्षित र उपयुक्त नहुने विचारका कारण नराम्रो मान्ने अवस्था छ। महिलालाई घरको शोभा, इज्जत ठान्ने र अन्यत्र गए बिग्रन्छन् भन्ने मान्यताबाट ग्रसित भएकाले पनि यस सम्बन्धी धारणामा अझै पनि उल्लेखनीय परिवर्तन आइसकेको छैन।

### ४.२.३ (ख) काममा श्रीमान्को सहयोगको अवस्था

महिलाले गर्दै आएको काममा उसको श्रीमान्को कस्तो सहयोग तथा संलग्नता रहन्छ भन्ने कुराबाट परिवारभित्र महिलाको हैसियत थाहा पाउन सकिने भएकाले यस सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ । यसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**चित्र ४.६: काममा श्रीमान्को सहयोगको अवस्था**




स्रोत : स्थलगत अध्ययन, २०७४


उत्तरदाताहरूलाई आफ्नो काममा श्रीमान्ले सहयोग गर्ने गरेका छन् कि छैनन् भनेर राखिएको जिज्ञासाको नतिजा माथिको चित्र नं ४.६ मा प्रस्तुत गरिएको छ । जसअनुसार ३०% उत्तरदाताले सहयोग गर्छन्, १५% ले गर्दैनन् र बाँकी ५५% ले कहिलेकाहीँ भन्ने प्रतिक्रिया व्यक्त गरेका छन् । प्रायजसो श्रीमान् घरबाहिरका श्रम मजदुरी लगायतका काममा जाने भएकाले सबै दैनिक घरायसी काम महिला एक्लैले सम्हाल्नुपर्ने अवस्था अध्ययनक्षेत्रमा विद्यमान रहेको छ । खेतीपातीका काममा विशेषतः पुरुषले जोत्ने र महिलाले खन्ने काम सँगै गर्छन् । यसका अलावा अन्य कामहरूमा सहकार्यको अभाव देखिन्छ । यद्यपि आफूले नसकेको बेला र परेको बेलामा सहयोग गर्ने गरेको बताएका छन् ।

विभिन्न कारणले महिलाको काममा सहयोग गर्न असमर्थ पुरुषहरू यसो गर उसो गर भनेर निर्देशन दिन भ्याउँछन् ।

### ४.२.३ (ग) परिवारको आम्दानीमा महिलाको योगदानप्रति उत्तरदाताको धारणा

एउटा परिवारभित्र प्रत्येक सदस्यले कुनै न कुनै काममा आफूलाई संलग्न गराएर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्नो जिम्मेवारी पूरा गरिरहेको हुन्छ । परिवारभित्र जति पनि आम्दानी भइरहेका हुन्छन् त्यसमा प्रत्यक्ष रुपमा कोही एकको मात्र योगदान देखिए पनि अप्रत्यक्ष रुपमा परिवारका सबै सदस्यले सहयोगी भूमिका खेलिरहेका हुन्छन् । यसै सन्दर्भमा रहेर उत्तरदाताहरूको धारणा जान्ने प्रयास यस अध्ययनमा गरिएको छ :

**चित्र ४.७ : परिवारको आम्दानीमा महिलाको योगदानप्रति उत्तरदाताको धारणा**




स्रोत : स्थलगत अध्ययन, २०७४

परिवारको आम्दानीमा महिला पनि पुरुषजत्तिकै जिम्मेवार छन् भन्ने अवधारणागत मान्यतामा उत्तरदाताको प्रतिक्रियालाई चित्र नं ४.७ मा प्रस्तुत गरिएको छ । जसअनुसार ३०% उत्तरदाताले सहमती जनाए भने ७०% उत्तरदाताले यसप्रति असहमति प्रकट गरे । सामान्यत परिवारका पुरुष सदस्यले प्रत्यक्ष रुपमा नगद आर्जन हुने काम गर्ने भएकाले

महिलाहरू परिवारको आम्दानीमा पुरुषलाई जिम्मेवार ठान्छन् । महिलाले गर्दै आएको चुलोचौको, खेतीपाती, बच्चा तथा परिवारको हेरविचार जस्ता काममा प्रत्यक्ष नगद आम्दानी नहुने भएकाले आफूले पनि आम्दानीमा योगदान गरिरहेको छु भन्ने कुरामा उत्तरदाताहरू अनभिज्ञ रहेको पाइएको छ । कमाएर ल्याउने परिवारको पालनपोषण गर्ने काम पुरुषको हो भन्ने सोचाइ अझै पनि उनीहरूमा रहेको छ । आर्थिक परनिर्भरता यस्तो सोचाइको कारण हो ।

### ४.२.३(घ) घरायसी आवश्यकताको पहिचान

सामान्यतः परिवारभित्र कसका लागि के आवश्यक छ र के गर्नु जरुरी छ भन्ने कुराको पहिचान कसले गर्छ भन्ने जानकारीबाट उक्त परिवारभित्र महिलाको हैसियतका बारेमा थाहा पाउने हेतुले यसबारे जानकारी समेट्ने प्रयास यहाँ गरिएको

**तालिका ४.८ : घरायसी आवश्यकताको पहिचान**

| पहिचानकर्ता | प्रतिशत (%) |
|---|---|
| आफू | ७.५ |
| श्रीमान् | ५ |
| अन्य महिला सदस्य | १५ |
| अन्य पुरुष सदस्य | ७.५ |
| संयुक्त | ६५ |
| जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

तालिका ४.८ मा घरमा के सामाग्री आवश्यक परेको छ त्यसको पहिचान कसले गर्छ भनेर उत्तरदाताहरूलाई गरिएको प्रश्नको नतिजा समावेश गरिएको छ । जसअनुसार धेरै ६५% उत्तरदाताले संयुक्त रुपमा गर्ने गरेको प्रतिक्रिया दिए । त्यस्तै ७.५% ले आफूले गर्ने, ५% ले श्रीमान्ले गर्ने भन्ने जवाफ दिएका छन् । ७.५% ले अन्य पुरुष सदस्यले गर्ने र १५% ले अन्य महिला सदस्यले गर्ने गरेको प्रतिक्रिया दिए । यस अनुसार संयुक्त रुपमा गर्ने भन्ने जवाफमा अत्यधिक उत्तरदाताबीच समानता देखिएकाले घरायसी आवश्यकता पहिचान गर्ने वा के चाहिन्छ सोको निर्णय गर्नमा उत्तरदाताहरूको सक्रिय भूमिका रहने गरेको प्रस्ट हुन्छ । यद्यपि ठूला धनराशि खर्च हुने कुराहरूमा भने पुरुषकै निर्णायक भूमिका रहन्छ ।

घरायसी आवश्यकता पहिचान सम्बन्धी जानकारी लिइसकेपछि खरिदको निर्णय कसले गर्छ भन्ने जिज्ञासाको नतिजा यस्तो छ:

**तालिका ४.९ : खरिदसम्बन्धी निर्णयकर्ता**

| **निर्णयकर्ता** | **प्रतिशत (%)** |
|---|---|
| आफै | ७.५ |
| श्रीमान् | ३५ |
| अन्य महिला सदस्य | १० |
| अन्य पुरुष सदस्य | २० |
| संयुक्त | २७.५ |
| जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

तालिका नं ४. ९ अनुसार आवश्यकता पहिचानका सम्बन्धमा लिइने निर्णय उत्तरदाताले संयुक्त रुपमा गर्ने गरेको बताएकामा खरिदसम्बन्धी निर्णयमा भने व्यापक अन्तराल देखिएको छ । आवश्यकता पहिचानका सम्बन्धमा संयुक्तमा ६५% मत जाहेर भए पनि खरिदको निर्णयमा भने यसमा जम्मा २७.५% मात्र प्राप्त भयो । यसबाट पहिचानमा संलग्न भए पनि खरिदसम्बन्धी निर्णयमा भने पुरुषकै वर्चस्व रहेको देखिन्छ । परिवारभित्रका कुरामा महिला बढी जानकार हुने भएकाले केके चाहिन्छ त्यसको पहिचान त महिलाले गर्छन् तर त्यसको पूर्ति गर्ने बेलामा भुक्तानी गर्नु पुरुषले पर्ने भएकाले खरिद गर्ने/नगर्ने निर्णय पुरुष गर्छन् । त्यसैले अत्यन्त न्यून परिमाणमा जम्मा ७.५% महिला मात्रै खरिद गर्ने निर्णय गर्छन् ।

त्यस्तै आफू स्वयम्ले गरेको उत्पादनको बेचबिखन गर्ने सम्बन्धी निर्णय लिन उत्तरदाताहरू सक्षम छन् कि छैनन् जान्ने प्रयास निम्नानुसार गरिएको छ :

**तालिका ४.१० : स्वउत्पादन बिक्री गर्ने सम्बन्धी निर्णयकर्ता**

| **निर्णयकर्ता** | **प्रतिशत (%)** |
|---|---|
| आफै | ७.५ |
| श्रीमान् | ४० |
| अन्य महिला सदस्य | ७.५ |
| अन्य पुरुष सदस्य | ३० |
| संयुक्त | १५ |
| जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

तालिका ४.१० अनुसार जम्मा ७.५% उत्तरदाता मात्रै आफू स्वयम्ले गरेको उत्पादनको बिक्री सम्बन्धी निर्णय गर्न सक्छन् । बाँकी ४०% ले श्रीमान्, ७.५% ले अन्य महिला सदस्य, ३०% ले अन्य पुरुष सदस्य र १५% ले संयुक्त भन्नेमा आफ्नो मत जाहेर गरे । बाह्य बजारको परिवेशसँग अनभिज्ञ महिलाहरू आफूलाई कुन उत्पादनको मूल्य कति छ भन्ने थाहा नहुने र ठगिन सक्ने भएकाले यसको जिम्मा श्रीमान्को भएको बताउँछन् । नगद कारोबार महिलाले गर्न नसक्ने अन्धविश्वासले महिला तथा पुरुष दुवैलाई प्रभाव पारेकाले यसमा महिलाको सहभागितामा कमी देखिएको हो ।

## ४.३ सामाजिक अवस्था

अध्ययन क्षेत्रका विवाहित तामाङ महिलाहरूको सामाजिक अवस्था कस्तो छ भनि विविध साामाजिक सन्दर्भमा उनीहरूको निर्णयमा सहभागिताको विश्लेषण गर्ने प्रयास यस अध्ययनमा गरिएको छ । विवाह र शिक्षालाई स्वतन्त्र परिवर्त्यका रुपमा लिदै विभिन्न प्रश्न समावेश अन्तर्वार्ता कार्यतालिकाबाट तथ्य संकलन गरिएको छ ।

### ४.३.१ विवाह

घरायसी तहमा सम्पन्न हुने विभिन्न कार्यमध्ये विवाह अत्यन्त महत्वपूर्ण कार्य हो । सम्पूर्ण मानव समुदायमा विवाहलाई एउटा महत्वपूर्ण सामाजिक संस्थाका रुपमा स्वीकार गरिएको छ । विवाह दुई व्यक्तिको जीवनसँग जोडिएको हुने हुँदा यस सम्बन्धी निर्णयको अधिकार

पनि सम्बन्धित व्यक्तिलाई नै हुन आवश्यक छ । यसै सन्दर्भमा उत्तरदाताहरू र उनीहरूको परिवारमा विवाहसम्बन्धी निर्णय प्रक्रियाका बारेमा विस्तृत अध्ययन गरिएको छ ।

### ४.३.१(क) विवाहको उमेर

उत्तरदाताहरूले विवाह गरेको उमेर र विवाहको उपयुक्त उमेरसम्बन्धी उनीहरूको धारणाको तुलनात्मक विश्लेषण निम्नानुसार गरिएको छ :

**तालिका ४.११ : विवाहको उमेर सम्बन्धी विवरण**

| विवाहको उमेर | प्रतिशत | विवाहको उपयुक्त उमेर | प्रतिशत |
|---|---|---|---|
| १५ वर्ष भन्दा कम | १५ | १५ वर्ष भन्दा कम | - |
| १५-२० वर्ष बीचमा | ५५ | १५-२० वर्ष बीचमा | १० |
| २० वर्ष माथि | ३० | २० वर्ष माथि | ९० |
| जम्मा | १०० | जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

तालिका ४.११ ले उत्तरदाताहरूले विवाह गरेको उमेर र उनीहरूको विचारमा विवाह गर्ने उपयुक्त उमेरलाई उमेरगत समूहमा विभाजन गरेर प्रस्तुत गरिएको छ । उत्तरदातामध्ये सबैभन्दा बढी ५५%को १५-२० वर्षको बीचमा विवाह भइसकेको छ । जबकी अहिले ९०% उत्तरदाता २० वर्ष माथिको उमेरलाई विवाहको उपयुक्त उमेर मान्छन् । १०% ले मात्रै १५-२० लाई विवाहको उपयुक्त उमेर मान्दछन् । त्यस्तै १५% उत्तरदाताको विवाह १५ वर्षभन्दा कम उमेरमा भएको छ भने ३०% उत्तरदाताको २० वर्ष पछि भएको छ । यसबाट उत्तरदाताको विवाहको उमेरसम्बन्धी धारणामा परिवर्तन आएको बुझ्न सकिन्छ । कम उमेरमा विवाह गर्ने परम्परा अब समाप्त हुने अपेक्षा राख्न सकिन्छ । शिक्षा तथा चेतनाको विस्तार का साथै कम उमेरमा विवाह गर्दा हुने समस्याको सामना उत्तरदाताले गर्नु परेकाले पनि कम उमेरमा विवाह गर्नु उपयुक्त नहुने ज्ञान उनीहरूमा आएको छ ।

### ४.३.१(ख) उत्तरदाताको विवाहको प्रकार र निर्णयकर्ता

उत्तरदाताहरूले कस्तो प्रकारको विवाह गरेका छन् र उनीहरूको विवाहको मुख्य निणयकर्ता को थियो भन्ने विषयमा प्राप्त विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४. १२ : उत्तरदाताको विवाहको प्रकार र निर्णयकर्ता**


| **विवाहको प्रकार** | **प्रतिशत** | **निर्णयकर्ता** | **प्रतिशत** |
|---|---|---|---|
| मागी | ७७.५ | बाबुआमा/नातेदार | ५५ |
| प्रेम | २२.५ | आफै | २२.५ |
| अन्य | - | संयुक्त | २२.५ |
| जम्मा | १०० | जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

तालिका ४.१२ अनुसार ७७.५% उत्तरदाताले मागी र २२.५% ले प्रेम विवाह गरेका छन् । अध्ययन क्षेत्रका तामाङ समुदायमा मूलतः मागी र प्रेम विवाह प्रचलनमा रहेको यसबाट प्रष्ट हुन्छ । त्यस्तै विवाहको निर्णयका सम्बन्धमा ५५% ले बाबुआमाले वा आफ्नो नातेदारले गरेको बताए भने जम्मा २२.५% ले मात्रै आफूले गरेको बताए । २२.५% उत्तरदाताको विवाहको निर्णय बाबुआमा र आफ्नो संयुक्त निर्णयमा भएको थियो । शिक्षा तथा चेतनाको कमीका कारण विवाहसम्बन्धी निर्णयमा बाबुआमाको बढी भूमिका रहेको छ

त्यस्तै उत्तरदाताको परिवारमा अहिले विवाहको जोडी छनौट गर्ने अधिकार कसलाई रहन्छ भन्ने विषयमा पनि जानकारी संकलन गरिएको छ :

**चित्र ४.८: विवाहको लागि जोडी छनौटको अधिकार**




स्रोत : स्थलगत अध्ययन, २०७४

चित्र ४.८ अनुसार २०% उत्तरदाताको परिवारमा विवाहमा केटोकेटी छान्ने निर्णय बाबुआमाले गर्छन् भने २५% ले केटाकेटी स्वयम्लाई हुने बताए । त्यस्तै ५५% उत्तरदाताले विवाहसम्बन्धी निर्णय सबैको आपसी समझदारीमा संयुक्त रुपमा हुने प्रतिक्रिया दिए । बाबुआमा तथा परिवारमा पनि जीवन बिताउने छोराछोरीले भएकाले आफ्नो विवाह को सँग गर्ने नगर्ने छान्न दिनुपर्छ भन्ने चेतना आएकाले मागी विवाहमा पनि स्वीकृति लिने परम्परा स्थापित भएको छ । यद्‍यपि रुढीवादी विचार राख्ने कुनै कुनै परिवारमा अझै पनि बाबुआमा निर्णायक बन्ने गर्दछन् ।

### ४.३.१ (ग) पुनर्विवाह

पुनर्विवाहका सम्बन्धमा परिवारले राख्ने धारणाले विवाहसम्बन्धी निर्णयलाई प्रभावित गर्दछ । प्रायश: समाजमा परिवारको कडा प्रतिवन्धका कारण महिलाहरू पुनर्विवाहका बारेमा सोच्न हिचकिचाउँछन् । यस सन्दर्भमा उत्तरदाताहरूबाट संकलित तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४.१३ : पुनर्विवाहको अवसर**

| **पुनर्विवाहको अवसर** | **प्रतिशत (%)** |
|---|---|
| पुरुषलाई | ८७.५ |
| महिला र पुरुष दुवैलाई | १२.५ |
| जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

तपाईको समुदायमा पुर्नविवाहको अवसर कसलाई छ भन्ने प्रश्नमा उत्तरदाताबाट प्राप्त नतिजा तालिका नं. ४.१३ मा प्रस्तुत गरिएको छ । जसअनुसार ८७.५% उत्तरदाताले पुरुषलाई र १२.५% ले महिला र पुरुष दुवैलाई रहेको प्रतिक्रिया दिए । यसबाट तामाङ समुदायले महिलाले गर्ने पुनर्विवाहको अवसर नदिएको बुझिन्छ । परम्परागत मान्यताले विधवा विवाहलाई अनुमति दिएको छैन ।

त्यस्तै तपाईको परिवारमा महिलाको पुनर्विवाहलाई कसरी हेरिन्छ भनेर उत्तरदाताहरूसँग राखिएको जिज्ञासामा सबै अर्थात् १००% ले नै नराम्रो मानिने प्रतिक्रिया दिए । यसबाट महिलाले गर्ने पुनर्विवाहको निर्णयलाई परिवारमा राम्रो नमान्ने तर केही गरी हाले त्यसको विरोध नगर्ने प्रवृत्ति अध्ययन क्षेत्रमा रहेको छ ।

### ४.३.२ शिक्षा

शिक्षाले नै व्यक्तिलाई आफ्नो अधिकार र कर्तव्यका सम्बन्धमा सुसूचित गर्ने भएकाले यसले व्यक्तिको क्षमता अभिवृद्धि गर्दछ । विभिन्न निणर्यमा सहभागिताको अवस्थामा शिक्षाले ठूलो प्रभाव पार्ने भएकाले यस अध्ययनमा शिक्षालाई महत्वपूर्ण अवधारणागत तत्वका रुपमा समावेश गरी यससँग सम्बन्धित रहेर अध्ययन विश्लेषण गर्ने जमर्को गरिएको छ ।

### ४.३.२ (क) छोरीको शिक्षासम्बन्धी धारणा

कुनै पनि परिवारमा महिलाको अवस्था कस्तो छ भन्ने कुराको विश्लेषण उक्त परिवारमा छोराछोरी बिचमा शिक्षाका सम्बन्धमा समानता छ कि छैन सो कुराका आधारमा गर्न सकिन्छ । यदि छोरीलाई पनि शिक्षाबाट वञ्चित गरिएको छैन भने उक्त परिवारमा महिलाप्रति पनि सद्भाव रहेको भन्न सकिन्छ । किनकि शिक्षा व्यक्तित्व विकासको अवसर

हो । यसै सन्दर्भमा उत्तरदाताहरूलाई उनीहरूको परिवारमा छोरीको शिक्षासम्बन्धी राखिने धारणाका बारेमा जिज्ञासा राखिएको छ जसबाट सबै १००% उत्तरदाताले नै आफ्नो परिवारमा छोरीको शिक्षालाई लिएर सकारात्मक धारणा भएको प्रतिक्रिया दिएका छन् । त्यस्तै शतप्रतिशत उत्तरदाताले आफ्नो परिवारमा छोरीलाई स्कुल पठाउने गरेको जानकारी गराएबाट तामाङ समुदायमा छोरीहरू शिक्षाबाट वञ्चित नरहेको पाइयो । अध्ययनक्षेत्रका सबैले आफ्ना छोराछोरी दुवैलाई सामुदायिक विद्यालयमा पढ्न पठाउँछन् । यद्यपि बीचमै पढाइ छोड्ने चलन भने देख्न सकिन्छ । यसो हुनुमा स्वयम्लाई पढ्ने चाहना नहुनु, परीक्षामा अनुत्तीर्ण हुनु, स्कुल उमेरमा हुने प्रेमसम्बन्ध र विवाह लगायतका कारणहरू रहेका छन् । निष्कर्षतः अध्ययन क्षेत्रका तामाङ समुदायमा शिक्षामा विभेद नरहेको प्रस्ट हुन्छ ।

यसका अतिरिक्त उत्तरदाताहरूको शैक्षिक स्तर अत्यन्त न्यून रहेको प्राथमिक तथ्याङ्कअनुसार महिलाको शिक्षाका सम्बन्धमा विगतबाट वर्तमानको पुस्तासम्म आइपुग्दा आमूल परिवर्तन आएको छ । सबैमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतना आइसकेको छ । विगतमा भेदभाव देखिए पनि शिक्षामा अब कुनै भेदभाव छैन । शिक्षासम्बन्धी निर्णयहरू बाबुआमा दुवैले संयुक्त रुपमा लिने गरेको तथ्यबाट उत्तरदाताहरू आफ्ना सन्तानको शिक्षाका बारेमा निर्णय गर्न सक्षम रहेको बुझ्न सकिन्छ ।

# अध्याय – पाँच

# घरायसी निर्णय प्रक्रिया सम्बन्धी सहभागिता तथा पहुँच

## ५.१ जनसांख्यिक/प्रजनन तथा हेरविचारसम्बन्धी तत्व

यस अध्ययनमा जनसांख्यिक तत्वअन्तर्गत प्रजनन तथा हेरविचारसम्बन्धी पक्षलाई समेटेर अध्ययन गरिएको छ । परिवारिक क्षेत्रको महत्वपूर्ण पक्षका रुपमा रहेको यसमा महिलाहरू कसरी सहभागी रहन्छन् भन्ने सम्बन्धमा प्रारम्भिक जानकारी यस अध्ययनमा संकलन गरिएको छ ।

### ५.१.१ सन्तानको संख्या र जन्मान्तर

**तालिका ५.१ : उत्तरदाताहरूको सन्तानको संख्या र जन्मान्तर**

| सन्तानको संख्या | प्रतिशत | जन्मान्तर (वर्षमा) | प्रतिशत |
|---|---|---|---|
| १ | १० | १ | २२.५ |
| २ | १५ | १-२ | ४७.५ |
| ३ | २० | २-३ | १० |
| ४ | २५ | ३+ | ५ |
| ४+ | २५ | | |
| छैन | ५ | | |
| जम्मा | १०० | | |

स्रोत : स्थलगत अध्ययन, २०७४

तालिका नं. ५.१ मा उत्तरदाताहरूको सन्तानको संख्या र जन्मान्तर सम्बन्धी विवरण समेटिएको छ । विशेषगरी हाल ५० वर्ष नाघिसकेका विवाहित महिलाहरूको ४ र ४ भन्दा बढी संख्यामा सन्तान जन्माएको पाइएको छ भने उनीहरूमा जन्मान्तर पनि कम छ । ४ भन्दा बढी संख्यामा छोराछोरीको जन्मको कारणका रुपमा कतिपयले गर्भनिरोधसम्बन्धी जानकारी नभएकाले बताए भने कतिपयले छोरा जन्माउनका लागि परिवारले दिएको

दवाबले गर्दा धेरै सन्तान जन्माउनु परेको बताए । कतिपयमा छोराछोरी धेरै भए घरमा काम गर्ने मान्छे बढ्ने हुँदा सजिलो हुने विचार समेत रहको पाइयो ।

### ५.१.२ छोराछोरीको जन्मसम्बन्धी निर्णय

अध्ययन क्षेत्रका उत्तरदाताहरूमार्फत छोराछोरीका जन्मका सम्बन्धमा परिवारमा निर्णायक भूमिका कसको रहन्छ भन्ने सम्बन्धमा तथ्य संकलन गरिएको छ जसको परिणाम यस्तो छः:

**तालिका ५.२ : छोराछोरीको जन्मसम्बन्धी निर्णय**

| निर्णयकर्ता | प्रतिशत (%) |
|---|---|
| स्वयम् | १७.५ |
| श्रीमान् | ५२.५ |
| संयुक्त (श्रीमान श्रीमति दुवै) | २० |
| परिवारका अन्य सदस्यहरु | १० |
| जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७४

तालिका ५.२ मा उल्लेख गरिएअनुसार अध्ययन क्षेत्रमा छोराछोरीको जन्मका सम्बन्धमा धेरैजसो निर्णय पुरुषले गर्ने गर्छन् , ५२.५% उत्तरदाताले छोराछोरी कहिले कति जन्ममाउने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार आफ्नो श्रीमान्लाई रहेको प्रतिक्रिया दिएका छन् । जम्मा १७.५% ले मात्र आफूले निर्णय गर्ने बताए । त्यस्तै २०% ले संयुक्त र १०% ले सासूससुराको चाहनाअनुसार सन्तान जन्माएकाले अन्य भन्ने प्रतिक्रिया दिए । शिक्षित र एकल परिवारमा रहेका विवाहित  महिलाले कति सन्तान जन्माउने निर्णय आफूले गरेका छन् । चेतनाको कमी र संयुक्त परिवारमा परम्परागत विचार राख्ने सासूससुरा तथा अन्य सदस्यले छोरा जन्माउनको लागि दिने दबाबले यस सम्बन्धमा महिलाको स्वतन्त्र निर्णयलाई प्रभाव परेको देखिन्छ ।

### ५.१.३ परिवार योजना तथा गर्भनिरोध


विभिन्न पारिवारिक निर्णय गर्ने सम्बन्धमा परिवारमा महिला र पुरुषको भिन्न भिन्न भूमिका रहन्छ । सन्तानको संख्या सम्बन्धि निर्णय, गर्भनिरोधको साधनको प्रयोग, शारिरीक सम्बन्ध

तथा विरामी हुँदा अपनाइने उपचार पद्धतिको निर्णय लगायतका पक्षमा उनीहरूको भूमिका फरक रहने गर्छ । यस सम्बन्धमा उत्तरदाताहरूले खुलेर कुरा गर्न असहज मानेको भएता पनि विभिन्न तरिकाबाट यस्ता विविध पक्षमा केन्द्रित रहेर अध्ययनमा तथ्याङ्क संकलन गरिएको छ जसबाट प्राप्त नतिजालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.१.३ (क) गर्भनिरोधको साधन प्रयोग सम्बन्धी जानकारीको अवस्था

उत्तरदाताहरूलाई गर्भनिरोधको साधनबारे जानकारी भए नभएको जान्ने हेतुले प्रश्न अध्ययनका क्रममा सोधिएको छ जसको नतिजा निम्नानुसार रहेको छ :

**चित्र ५.१ : गर्भनिरोधको साधन प्रयोग सम्बन्धी जानकारीको अवस्था**





स्रोत :स्थलगत अध्ययन, २०७४

चित्र ५.१ अनुसार ७०% उत्तरदाताले आफूलाई गर्भनिरोधको साधन प्रयोगका सम्बन्धमा जानकारी भएको बताएका छन् भने ५% ले जानकारी नभएको बताए । त्यस्तै २५% उत्तरदाताले अलिअलि मात्रै जानकारी भएको बताएका छन् । यसबाट उत्तरदाताहरूलाई गर्भनिरोधको साधनको प्रयोगका बारेमा जानकारी भएको प्रस्ट हुन्छ । पछिल्लो समयमा शिक्षामा भएको विस्तार, स्थानीय तहमा स्वास्थ्य सेवाको उपलब्धता, चेतनामूलक कार्यक्रम आदि कारणले यस सम्बन्धमा धेरैमा जानकारी भइसकेको छ ।

### ५.१.३ (ख) गर्भनिरोधको साधनको प्रयोगको अवस्था

उत्तरदाताहरूलाई गर्भनिरोधको साधन प्रयोग गरे/नगरेको सम्बन्धमा राखिएको जिज्ञासाको नतिजा यसप्रकार छः

**चित्र ५.२ : गर्भनिरोधको साधनको प्रयोगको अवस्था**





स्रोत : स्थलगत अध्ययन,२०७४

चित्र नं. ५.२ मा उल्लेख गरिएअनुसार उत्तरदातामध्ये जम्मा ७०% उत्तरदाताले गर्भनिरोधको साधन प्रयोग गरेको जानकारी दिए भने ३०% ले नगरेको बताए । उत्तरदाताहरूमा गर्भनिरोधको साधन प्रयोगको जानकारी भए पनि आफूले भने प्रयोग नगरेको देखियो । गर्भनिरोधको साधन प्रयोग झन्झटिलो हुने भएकाले आफूले प्रयोग नगरेको जानकारी उत्तरदाताले गराए ।

### ५.१.३(ग) गर्भनिरोधक साधन प्रयोगकर्ता

गर्भनिरोधक साधन प्रयोग गरेका उत्तरदातालाई प्रयोगकर्ताका सम्बन्धमा राखिएको जिज्ञासाका सम्बन्धमा प्राप्त नतिजा यसप्रकार छ :

**चित्र ५.३: गर्भनिरोधक साधन प्रयोगकर्ता**




स्रोत : स्थलगत अध्ययन,२०७४

चित्र ४.११ अनुसार गर्भनिरोधको साधन प्रयोगकर्तामध्ये ९०% उत्तरदाताले आफूले प्रयोग गरेको प्रतिक्रिया दिए भने १०% ले श्रीमान्ले प्रयोग गरेको बताए । त्यस्तै ९०% उत्तरदाताले अस्थायी परिवार नियोजनको साधन प्रयोग गरेको र १०% ले स्थायी प्रयोग गरेको बताए । महिलालाई यस्तो साधन प्रयोग गर्न सजिलो हुने उनीहरूको विचार छ । गर्भनिरोधका लागि तीन महिने सुईको लोकप्रियता यसको मूल कारण हो ।

### ५.२ बच्चाको हेरविचार

परिवारमा बालबच्चा तथा वृद्धवृद्धालाई विशेष हेरविचारको आवश्यकता पर्दछ । यस सम्बन्धी भूमिका परिवारमा कसको रहने गरेको छ सोको अध्ययन पनि यहाँ गरिएको छ :

**तालिका ५.३ : बच्चाको मुख्य हेरविचारकर्ता**

| **हेरविचारकर्ता** | **प्रतिशत (%)** |
|---|---|
| आफू | ५० |
| श्रीमान् | - |
| दुवै | २५ |
| परिवारको अन्य सदस्य | २५ |
| जम्मा | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७४

उल्लिखित तालिका ५.३ मा प्रस्तुत तथ्याङ्कअनुसार ५०% उत्तरदाताले परिवारमा बालबच्चाको हेरविचारको मुख्य जिम्मेवारी आफ्नो भएको बताए भने २५% ले संयुक्त रुपमा गर्ने गरेको बताए । त्यस्तै २५% परिवारको अन्य सदस्यले पनि बालबच्चाको हेरविचारको मुख्य जिम्मेवारी लिएको बताए । परिवारभित्र श्रीमान्को सहयोगको आवश्यकताका बारेमा राखिएको जिज्ञासामा सबै उत्तरदाताले आवश्यक रहेको प्रतिक्रिया व्यक्त गरे ।

उत्तरदाताहरूको घरायसी भूमिकाको बारेमा जानकारी लिदै विविध घरायसी पक्षहरूमा लिइने निर्णयमा उनीहरूको सहभागिताका सम्बन्धमा माथि प्रस्तुत विभिन्न शीर्षकमा अध्ययन गरिसकेपछि उनीहरूको मुख्य घरायसी भूमिका र निर्णयमा सहभागिताका सम्बन्धमा संक्षिप्त रुपमा जानकारी लिइएको छ । विभिन्न घरायसी क्रियाकलाप र तिनमा परिवारमा कसको भूमिका बढी रहन्छ जान्ने उद्देश्यले उत्तरदाताबाट संकलित तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका ५.४:  घरायसी कार्यहरूमा उत्तरदाताको भूमिका**

| क्र.सं. | कार्यहरू | आफू | श्रीमान् | संयुक्त | अन्य पुरुष सदस्य | अन्य महिला सदस्य |
|---|---|---|---|---|---|---|
| १ | खाना पकाउने | ७५% | - | - | - | २५% |
| २ | खाना खुवाउने | ७५% | - | - | - | २५% |
| ३ | भाडा माझ्ने | ८७.५% | - | - | - | १२.५% |
| ४ | लुगा धुने | ९0% | - | - | - | १0% |
| ५ | विरामीको हेरविचार | ६५% | - | ३५% | - | - |
| ६ | पाहुना सत्कार | ६५% | - | ३५% | - | - |
| ७ | बूढाबूढीको स्याहार | १00% | - | - | - | - |
| ८ | घरको सरसफाइ/पोत्ने तथा बढार्ने | १00% | - | - | - | - |
| ९ | दैनिक पूजा तथा अन्य धार्मिक संस्कार | ८७.५% | - | - | - | १२.५% |
| १0 | खाद्यान्न तथा लत्ताकपडा खरिद | १५% | ३५% | ५0% | - | - |
| ११ | बच्चालाई खुवाउने | ८७.५% | - | - | - | १२.५% |
| १२ | बच्चालाई स्कुलका लागि तयार गर्ने | ८७.५% | - | - | - | १२.५% |

स्रोत : स्थलगत अध्ययन, २0७४

तालिका ५.३ अनुसार खरिदबिक्री सम्बन्धी कार्य बाहेक प्रत्यक्ष रुपमा नगद कारोबार नहुने घरायसी कार्यहरूमा महिलाको संलग्नता बढी भएको विवरण प्राप्त भएको छ । खाना पकाउने, खुवाउने, बच्चाको हेरविचार गर्ने, पशुचौपाया हेरविचार, सरसफाइ लगायतका कार्यहरूमा मुख्य भूमिका परिवारमा आफ्नो रहेको उत्तरदाताहरूले  प्रतिक्रिया दिएका छन् । तालिकाअनुसार ७५% उत्तरदाताले परिवारमा खाना बनाउने र खुवाउने मुख्य भूमिका आफ्नो भएको बताए भने बाँकी २५% ले अन्य महिला सदस्य भन्ने विकल्पमा आफ्नो मत जाहेर गरे । कसैले यस सम्बन्धी भूमिका परिवारमा पुरुष सदस्यले गर्ने भन्ने उल्लेख

गरेनन् । यस्ता कामहरू केवल महिलाले नै गर्ने हो भन्ने परम्परागत मान्यता समुदायमा र स्वयम् महिलामा रहेकाले यस्तो अवस्था देखिएको हो ।

घरपालुवा पशुपंक्षीको हेरचाह तथा खेतीपातीमा संलग्न रहेर परिवारमा आर्थिक योगदान गरे पनि तिनबाट प्राप्त आम्दानीमा पुरुषको नियन्त्रण रहने हुँदा नगद कारोबारसँग सम्बन्धित कार्य धेरैजसो पुरुषले नै गर्छन् । अन्य सम्पूर्ण घरायसी भूमिकाहरूमा आफ्नो मुख्य भूमिका रहेको प्रतिक्रिया दिएकामा खाद्यान्न तथा लत्ताकपडा खरिदसम्बन्धी भूमिकामा भने महिलाको सहभागिताको नतिजा भिन्न आएको छ । जम्मा १५% उत्तरदाताले मात्रै यसमा आफ्नो मुख्य भूमिका रहने जवाफ दिए भने ३५% ले श्रीमान् र ५०% ले संयुक्त रुपमा गर्ने बताए । यस्तो भिन्न नतिजाको मुख्य कारण भनेको तामाङ महिलाहरूको कमजोर क्रयशक्ति हो । प्रत्यक्ष नगद आर्जन नहुने भएकाले प्रत्यक्ष नगद भुक्तानी गर्नुपर्ने कुराहरूमा श्रीमान्को आवश्यकता पर्ने गर्दछ । परिवारमा बालबच्चा तथा बूढाबुढीको स्याहार तथा हेरविचार सम्बन्धी मुख्य भूमिका महिला सदस्यकै रहने गर्ने जानकारी यस अध्ययनपश्चात् प्राप्त भयो । उल्लिखित विभिन्न तथ्यहरूको संकलन पछि भाडा माझ्ने, लुगा धुने, घरको सरसफाइ लगायतका जिम्मेवारी केवल महिलाकै मात्र हुन् भने जसरी परिवार भित्र एकोहोरो किसिमको लैङ्गिक अभ्यास भइरहेको निष्कर्षमा पुग्न सकिन्छ ।

**तालिका ५.५: घरायसी निर्णयमा महिला**

| क.सं. | निर्णय गर्ने कार्यहरू | आफू | श्रीमान् | संयुक्त | अन्य पुरुष सदस्य | अन्य महिला सदस्य |
|---|---|---|---|---|---|---|
| १ | बच्चाको शिक्षा | ६ | ३०% | ५५% | - | - |
| २ | खाना सम्बन्धी | ८०% | - | - | - | २०% |
| ३ | स्वास्थ्य सेवा | १५% | ४५% | १५% | २५% | - |
| ४ | परिवारका सदस्यको परिचालन | १५% | २७.५% | ३५% | १२.५% | १०% |
| ५ | धार्मिक संस्कारको आयोजना | - | ७७.५% | २२.५% | - | - |
| ६ | साथीभाइ तथा आफन्त जमघट | ७.५% | १०% | ५५% | २०% | ७.५% |
| ७ | उपहार खरिद तथा प्रदान | ३५% | - | ६५% | - | - |
| ८ | विभिन्न धार्मिक/सामाजिक कार्यमा सहभागिता | १२.५% | २५% | ५५% | - | ७.५% |
| ९ | दैनिक पूजा तथा अन्य धार्मिक संस्कार | - | ६०% | ४०% | - | - |
| १० | खाद्यान्न तथा लत्ताकपडा खरिद | १७.५% | ५५% | २७.५% | - | - |
| ११ | गर्भनिराधको साधन प्रयोग | १२.५% | ६२.५% | २५% | - | - |
| १२ | बच्चाको संख्या | १७.५% | ५२.५% | २०% | - | १०% |
| १३ | खेतीपाती तथा बालीनाली सम्बन्धी | १५% | - | ८५% | - | - |
| १४ | पशु तथा चौपाया खरिदबिक्री | ७.५% | ५२.५% | १०% | २२.५% | ७.५% |

स्रोत : स्थलगत अध्ययन,२०७४

तालिका ५.५ मा उल्लिखित विवरणले उत्तरदाताको घरायसी निर्णय प्रक्रियामा सहभागिताको वास्तविक अवस्थाको जानकारी दिन्छ । प्रत्यक्ष नगद आर्जन हुने कामहरूमा उत्तरदाताहरूको संलग्नता अत्यन्त न्यून भएकाले उनीहरू आर्थिक रुपमा पुरुषसँग निर्भर छन् । यस्तो अवस्थाले नगद कारोबार हुने कुरामा महिलाको निर्णयमा सहभागिता कमजोर बनाएको छ । जम्मा १७.५% उत्तरदाता मात्रै खाद्यान्न तथा लत्ताकपडा खरिद सम्बन्धि निर्णय एक्लै गर्न सक्छन् । यद्यपि सम्पूर्ण घरायसी निर्णयका पक्षहरूमा निर्णयको सवालमा अधिकांश उत्तरदाताले संयुक्त रुपमा गर्ने गरेको बताएबाट अन्य समुदायका महिलाका तुलनामा तामाङ महिलाको घरायसी निर्णय प्रक्रियामा उच्च सहभागिता रहेको बुझ्न सकिन्छ । पछिल्लो समयमा विभिन्न विकासको कार्यक्रम तथा विकासका पूर्वाधारहरूको विकासका कारण उत्तरदातामा आएको चेतनाले घरायसी निर्णयमा पुरुषसँगै सहभागी हुन थालेका छन् । यी पक्षहरूमा निर्णय लिदा पुरुषले पनि महिला सदस्यसँग पनि छलफल तथा परामर्श गर्ने प्रवृत्तिको क्रमिक विकासले घरायसी निर्णय संयुक्त रुपमा गर्ने चलनले व्यापकता पाएको छ । यद्यपि सबै घरायसी निर्णयमा पुरुषको सोचाइ तथा प्रवृत्ति हाबी रहने गर्छ । के गर्ने भन्ने सम्बन्धमा परिवारमा सल्लाह गरे पनि अन्तिम निर्णय पुरुषले लिन्छन् र यसलाई महिलाले कुनै विरोध नगरी स्वीकार गर्छन् ।

विवाहित महिलाहरुको पारिवारिक विवरणमा संयुक्त परिवारको २५% तुलनामा एकल परिवार ७५% बढि पाउन सकिन्छ भने उनिहरु आर्थिक रुपमा श्रीमानमा नै बढि भर पर्नु पर्ने देखिएको छ । कमै महिलाहरु आफ्नो घरायसी निर्णय प्रकृयामा आफ्नो निर्णय चल्ने कुरा राख्दछन् । राजनितिमा खासै चासो नदेखाउने उनिहरुको बढि समय घरायसी धन्दामा, बालबच्चाको हेरविचार, खेतिपातिको काममा बित्ने भएकाले बाहिरी कुरामा चासो नराखेको देखिन्छ । उत्तरदाताहरुमा गर्भनिरोधको साधन प्रयोगको जानकारी भए पनि २५% ले खुलेर कुरा गर्न नचाहने देखियो भने ति मध्ये ७५% महिलाहरु यस्ता कुरामा खुलस्त रुपमा प्रस्तुत भए । पछिल्लो समयमा शिक्षामा भएको विस्तार, स्थानीय तहमा स्वास्थ्य सेवाको उपलब्धता, चेतनामूलक कार्यक्रम आदि कारणले यस सम्बन्धमा धेरैमा जानकारी भइसकेको छ ।

यस अध्ययनमा ७०% उत्तरदाता आफ्नो पेसामा सन्तुस्ट छैनन् । प्रायजसो महिलाहरु पहिलाको तुलनामा अहिले उनिहरु पनि घरायसी कुराहरुमा आफ्नो विचार राख्न पाउने,

पढ्न पाउने, बाहिर गएर काम गर्न पाउने, पेशा छनौट गर्न पाउने अवसरहरु पाउदै आएको भन्ने कुरा पनि राख्दछन् । यसै मध्यका केही महिलाहरुले पछि गएर उनिहरुका छोरीहरुले यस्तो दुःख नपाउने, घरायसी रुपमा रहने स-साना कुराहरुमा उनिहरु आफै निर्णय गर्न सक्ने, श्रीमानमा निर्भर हुनु नपर्ने, आफ्नो पेशा आफैले छान्ने जस्ता कुराहरुमा आफै निर्णय गर्न सक्ने क्षमता राख्नको लागी उनिहरुको भविश्य सुनिस्चित गर्ने कुरामा सचेत रहेको पाइयो ।

# अध्याय छ

# अध्ययनको सारांश, मुख्य उपलब्धि तथा सुझावहरू

विवाहित तामाङ्ग महिलाहरूको घरायसी निर्णय प्रक्रियामा सहभागिता बिषयमा नागार्जुन नगरपालिकाका तामाङ्ग महिलाहरूमा गरिएको यस अध्ययनले विवाहित तामाङ्ग महिलाहरूको वर्तमान सामाजिक अवस्थाको वर्णन र विविध घरायसी क्रियाकलापमा उनीहरूको निर्णयको अवस्थाको उजागर गर्नमा यो अध्ययन केन्द्रित छ । यसले घरायसी क्षेत्रका विविध पक्षमा महिलाको सहभागिताको अवस्था विश्लेषण गर्दै उनीहरूको निर्णय क्षमताका बाधकहरूको विश्लेषण गर्ने प्रयास गरेको छ ।

## ६.१ अध्ययनको सारांश

यस अध्ययनमा विवाहित तामाङ्ग महिलाहरुको यरायसी निर्णय प्रकृयामा सहभागिता भन्ने विषयमा तथ्यांक संकलन गरिएको थियो । यस अध्यनमा विवाहित तामाङ्ग महिलाहरुको सामाजीक, साँस्कृतिक र आर्थिक पृष्ठभुमिको पहिचान गर्नु र उनिहरुको घरायसी निर्णय प्रकृया सम्बन्धि सहभागिताको पहुँचबारे अध्ययन गर्ने जस्ता उद्देश्यहरु रहेका थिए । जसमा उनीहरुको सामाजीक, साँस्कृतिक र आर्थिक पक्षसंग केन्द्रित रहेर विभिन्न प्रश्नहरु तयार गरिएको थियो ।

यस अध्ययनमा अन्तरवार्ता, मुख्य समुहदाता र समुह छलफल आदि अनुसन्धानका विधिहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरीएको थियो । त्यसै गरी स्थानिय महिला, स्वास्थ्य स्वयंसेविका, शिक्षिका, आमा समुहका सदस्यहरु र स्थानिय सामाजीक कार्यकर्ताहरुलाई समेटेर तथ्यांक संकलन गरीएको थियो । जसमा नागार्जुन नगरपालिका वडा नं. ९ का ४० जना विवाहित तामाङ्ग महिलाहरुको सामाजीक, साँस्कृतिक र आर्थिक क्षेत्रमा घरायसी निर्णय प्रकृया हेरिएको थियो ।

अध्ययन कार्यमा संलग्न गरिएको तथ्यांकहरु गुणात्मक र संख्यातमक दुवै प्रकारका छन् । यस अध्ययन घरायसी तहमा सम्पन्न हुने विभिन्न कृयाकलापहरुमा निर्णय लिने सम्बन्धमा महिलाहरु तुलनात्मक रुपमा कमजोर देखिन्छन् । पछिल्लो समयमा विभिन्न सामाजीक,

आर्थिक विकास तथा आधुनिकीकरणको प्रभावले पारिवारिक संरचनामा आएको परिवर्तनले एकल परिवारमा महिलाहरुको सहभागितालाई बढावा दिएको देखिन्छ ।

## ६.२ अध्ययनका मुख्य उपलब्धिहरू

प्रस्तावित अध्यनका मुख्य उपलब्धिहरूलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- अध्ययन क्षेत्रका विवाहित तामाङ महिलाहरूको सामाजिक-आर्थिक अवस्था न्यून रहेको तथ्य यस अध्ययन पश्चात् प्राप्त भएको छ । अधिकांश समय घरको काममा नै बित्ने भएकाले उनीहरू बाह्य परिवेशमा के भइरहेको छ जान्ने र बुझ्ने अवसर निकै कम मात्र पाउने गर्छन् । अहिले ८२.५% उत्तरदाता कृषि तथा घरायसी काममा मात्रै संलग्न छन् । कुनै पनि उत्तरदाता रोजगारीमा संलग्न छैनन् ।

- महिला स्वयम्ले नै खाना पकाउने, लुगा धुने, भाँडा माझ्ने, घाँसदाउरा-मेलापात गर्ने जस्ता महिलाका परम्परागत घरायसी भूमिकाहरूलाई महिलाले मात्रै गर्ने काम हो भनेर स्वीकार गरेका छन् । यी काममा पुरुषको सहयोग नहुनुप्रति उनीहरू कुनै असन्तुष्टि राख्दैनन् र त्यसको विरोध पनि गर्दैनन् ।

- विवाहित महिलाहरूको शैक्षिक स्तर न्यून छ । कसैले पनि उच्च शिक्षा हासिल गरेका छैनन् । यद्यपि अबका नयाँ पुस्ता भने शिक्षाबाट वञ्चित रहनुपर्ने अवस्था छैन । छोराछोरीको शिक्षादीक्षा सम्बन्धी निर्णय गर्ने कुरामा महिलाहरू सचेतक छन् ।

- आफ्नो विवाहसम्बन्धी निर्णयमा उत्तरदाता आफू स्वयम्ले निर्णय लिएको अत्यन्त कम पाइए पनि अब भने विवाहमा छोराछोरीको स्वीकृति लिने प्रचलन स्थापित भएको छ । २२.५% उत्तरदाताले आफ्नो विवाहको निर्णय आफै गरेको बताएका छन् । विवाहसम्बन्धी स्वतन्त्र निर्णय लिनमा भने अझै पनि महिलाहरूका लागि केही समस्या रहेको छ ।

- अध्ययन क्षेत्रका महिलाहरूमा घरायसी तहमा निर्णय सम्बन्धी सवालहरूमा अझै पनि लैङ्गिक विभेद कायम नै छ । आफू स्वयम्ले उत्पादन गरेका सामाग्री बेचविखनको निर्णयका लागि पनि पुरुषको स्वीकृती आवश्यक छ । जम्मा ७.५% उत्तरदाता मात्रै आफू स्वम्ले गरको उत्पादन बिक्री सम्बन्धी निर्णय गर्न सक्छन् ।

- महिलाहरू आर्थिक रुपमा पुरुषमाथि परनिर्भर भएकाले नगद कारोबार सम्बन्धी सवालहरूमा आफ्नो निर्णयमा अडिग रहन सक्दैनन् । घरायसी आवश्यकताको पहिचानका सम्बन्धमा धेरैजसो ६५% उत्तरदाताले संयुक्त भन्ने प्रतिक्रिया दिएका छन् तर खरिदसम्बन्धी निर्णयमा २७.५% ले मात्रै संयुक्त भन्ने प्रतिक्रिया व्यक्त गरे । नगद भुक्तानी गर्न सक्ने क्षमता नभएकाले खरिद गर्ने/नगर्ने अन्तिम निर्णय पुरुषले लिन्छन् ।

- प्रजननसम्बन्धी पक्षहरूमा महिलाहरू जानकार भए पनि खुलेर कुरा गर्न हिचकिचाउँछन् । यसैले यी पक्षहरूमा निर्णायक भूमिका पुरुषकै रहन्छ । जम्मा १७.५% उत्तरदाताले मात्रै सन्तान कति जन्माउने भन्ने निर्णय आफूले गर्ने बताए ।

- व्यवहारिक रुपमा घरायसी क्रियाकलापमा महिलाको भूमिका बढी रहने गरे पनि निर्णय लिने सन्दर्भमा भने महिलालाई असक्षम ठान्ने प्रवृत्ति कायम नै छ ।

- समग्रमा भन्नुपर्दा अध्ययन क्षेत्रका विवाहित तामाङ्ग महिलाहरू अझै पनि पुरुषमा परनिर्भर छन् । त्यसैले घरायसी मामिलाहरूमा पुरुषकै बोलवाला रहने गरेको छ । यहाँ ७०% उत्तरदाता परिवारको आम्दानीमा महिलाको भूमिका छ भन्नेमा असहमति राख्छन् । प्रत्यक्ष नगद आम्दानी नदेखिएकै कारण पारिवारिक आम्दानीमा आफ्नो योगदानप्रति उत्तरदाता अनभिज्ञ छन् ।

- शिक्षा तथा शिपको कमी तथा आर्थिक रुपमा परनिर्भरता नै महिलाको निर्णय क्षमताको बाधक हो । जम्मा १५% उत्तरदाताले मात्रै माध्यमिक शिक्षा लिएका छन् भने कसैले पनि उच्च शिक्षा हासिल गरेका छैनन् ।

- घरायसी निर्णय प्रक्रियामा महिलाको उपस्थितिको अवस्थामा विगतमा भन्दा अहिले परिवर्तन देखिएको छ । महिलाहरूमा भइरहेको चेतनाको वृद्धिले गर्दा चूपचाप पुरुषले जे भन्छन् त्यही गर्ने विगतको परिस्थितिमा हाल क्रमशः सुधार हुँदै गइरहेको छ ।

- पछिल्लो समयमा ग्रामीण क्षेत्रमा विकासका पूर्वाधारहरूको विस्तार तथा महिलाहरूको चेतनामा भएको वृद्धिसँगै अध्ययनक्षेत्रका महिलाहरूको अवस्था पनि सुधारोन्मुख रहेको छ । विगतमा पुरुषसँग डराउने, हरेक कुरालाई आदेशका रुपमा स्वीकार गर्ने महिलाहरू अहिले आफ्नो लागि आफै आवाज उठाउनुपर्छ र गलत कुरामा चुप लाग्नु

हुँदैन भन्ने कुरालाई आत्मसात् गर्दै आफ्नो व्यक्तित्व विकासका लागि अग्रसर हुन थालेका छन् ।

## ६.३ अध्ययनको निष्कर्ष

प्रस्तुत अध्ययनमार्फत अध्ययनक्षेत्रका विवाहित तामाङ्ग महिलाहरूको घरायसी निर्णय प्रक्रियामा सहभागिताको बारेमा अध्ययन गरिसकेपछि उक्त क्षेत्रमा शिक्षाको विस्तार, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित चेतनामूलक कार्यक्रम, स्थानीय परिवेशभन्दा अन्य बाह्य परिवेशसँगको सम्पर्क वा मानिसहरूको स्थानगत गतिशीलता आदिले गर्दा परम्परागत तामाङ समुदायमा व्यापक परिवर्तन आएको छ । परिणामस्वरुप विवाहित तामाङ महिलाहरूको अवस्था सुधारोन्मुख छ ।

विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाउने, स्वरोजगारमूलक सीप सिकाइ तथा आयआर्जनका कार्यहरूमा क्रमशः बढ्दै गइरहेको संलग्नताले घरायसी निर्णय प्रक्रियामा पुरुषसँगै सहकार्य गर्न सक्ने क्षमताको विकास विस्तारै भइरहेको छ । तामाङहरूको परम्परागत पेसा कृषि तथा पशुपालनलाई उनीहरूले निरन्तरता दिँदै आएका छन् । यसका अलावा विभिन्न सिलाइबुनाई, निर्माण तथा श्रममजदुरी लगायतका क्षेत्रमा पनि पछिल्लो समयमा संलग्नतामा वृद्धि देखिएको छ ।

आर्थिक पक्षसँग जोडिएका विषयहरूमा महिलाहरूको निर्णयात्मक भूमिका कमजोर छ । आवश्यक सामग्री खरिद तथा बिक्री, ऋण तथा कर्जा लेनदेन, अतिरिक्त कृषि उब्जनी तथा पशुचौपायाको बेचविखन लगायतका निर्णयमा पुरुषको पनि सहभागिता रहनु अनिवार्य मानिन्छ । घरायसी आवश्यकताको पहिचान गर्ने सम्बन्धमा महिलाहरू स्वतन्त्र रुपमा निर्णय लिन सक्षम छन् तर तिनीहरूको परिपूर्ति गर्ने/नगर्ने, कसरी गर्ने भन्ने अन्तिम निर्णय भने पुरुषको हुने गर्दछ ।

विभिन्न सामाजिक आर्थिक विकास तथा आधुनिकीकरणको प्रभाव स्वरुप पारिवारिक संरचनामा परिवर्तन देखिएको छ । एकल परिवारको बढ्दो लोकप्रियताले घरायसी निर्णय प्रक्रियामा महिलाको सहभागितालाई बढावा दिएको छ । विभिन्न पारिवारिक योजनासम्बन्धी निर्णयमा विवाहित तामाङ महिलाहरू पुरुषकै निर्णयलाई स्वीकार गर्छन् । सबै घरायसी निर्णय प्रक्रियाहरूमा तामाङ महिलाहरू संलग्न हुन्छन् तर त्यसमा पुरुषकै विचार, विश्वास तथा प्रवृत्तिले प्रभाव पारिरहेको हुन्छ ।

# सन्दर्भसामग्री


तामाङ, परशुराम (२०५१). तामाङ जाति, नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

कान्तिपुर दैनिक, (२०७३). पृष्ठ २, अंक २६, काठमाण्डौ, नेपाल ।

लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केहि नेपाल ऐनलाई संसोधन गर्न बनेको विधेयक (२०७२) http://www.moljpa.gov.np/wp-content/uploads/2018/02/लैङ्गिक_समानता_कायम_गर्न.pdf

Acharaya Balaram, (2071). *Gender and feminist studies.* National book center, Bhotahiti Kathmandu.

Acharya, M. and L.Bennett.(1981). *The Rural Women of Nepal.* CEDA, Tribhuvan University, Kathmandu Nepal.

Acharya, M. and L. Bennett.(1983). *Women and the Subsistence Sector: Economic Participation and Household Decision Making in Nepal.*World Bank Staff Works Paper.USA : The world Bank.

Acharya, M.(1997).*Gender Equality and Empowerment of Women in Nepal* : A Status Report Submitted to UNFPA. Kathmandu.

ADB,(2009). *To Promote GreaterEmpowerment for Nepal's Most Disadvantaged Women, (http://www.adb.org/Documents/News/2004177.asp)*

Aryal, N.(2004). *Ethnicity and Fertility: Micro Level Household Survey of Two Ethnic Communities of Nepal.* Kathmandu: Graduate School of Economics.

Bhasin, K.(2003). *What is Patriarchy?* New Delhi: Kali for Women.

Bhasin, K.(2000). *Understanding Gender*.New Delhi: Kali for Women.

Blood, Robert and Wolfe, D.(1966). *Division of Labour in American Families.*NewYork : Free Press.

CBS(2068). *Population Census of Nepal*. Kathmandu : Central Bureau of Statistic.

Fricke, T.E.(1986). *Himalayan Households: Tamang Demography an Domestic Processes* . Ann Arbor, Michigan : UMI Research Press.

Gautam, S.(2012). *Household Decision Making Process of Tamang Women :A Sociological Study of Dhading Bensi* . Thesis Submitted to the Central Department of Sociology. Kathmandu: T.U.

Holmberg, D.H.(1989). Order in Paradox: Myth, Ritual and Exchange Among Nepal's Tamang. USA: Cornell University Press.

Kafle, P.K.(2001). *Gender an Issue of Concern* .Space Time Today (Daily), Sep. 20, 2001. Kathmandu.

Majpuria, I.(2007). *Nepalese Women (status and role) Gender Approach* .Kathmandu: Modern Printing Press .

March, K. S.(2002). *If Each Comes Halfway : Meeting Tamang Women in Nepal* . USA: Cornell University Press.

Ortner, S.B.(1978). *Sherpas through Their Rituals*. Cambridge University Press.

Pyakural S. and R. Thakuri (1998). "*Feminism, 'to hail or to ridicule* ": The Rising Nepal.

Sherpa, P.T. and Susan H.(2002). *Nepal: The Living Heritage, Environment and Culture*. Kathmandu, Nepal.

Smith, C.S.(1994). Macmillan Dictionary of Anthropology.

Strishakti(1995). *Women Development u Democracy: A Study of the Socioeconomic Changes in the Status of Women in Nepal (1981-1993).* Kamaladi, Kathmandu. Submitted to the Central Department of Sociology. Kathnmanu: T.U.

Thapa, K.(2013) . *Women's Participation in Household Decision Making : A Sociology in Chunnikhel VDC of Kathmandu* .Thesis Submitted to the Central Department of Sociology/Anthropology. Kathmandu : T.U.

Thapaliya, S.(2004). *Nepali Women Can Rule the Country Efficiency if Provided Equal Opportunity* .Kathmandu: The Telegraph Weekly.

Thomas, G. and A. Shrestha (1998). *Breaking New Ground: A Case Study of Women's Empowerment in Nepal. Women's Empowerment Program (WEP).* Kathmandu: USAID/Nepal.

UN (1995). *Beijing Platform for Action*, New York.

UN (1999). Research.*Caste and the God of Small thing.*

UNICEF (1996).*Children and Women in Nepal.A Situation Analysis 1996*. Kathmandu, Nepal.

# अन्तवार्ता अनुसुची

## (कार्यतालिका)

मिति :

**१. व्यक्तिगत विवरण**

क) नाम :............................................... ख) उमेर.................ग) धर्म...............

घ) शिक्षित ( ) अशिक्षित ( )

ङ) शिक्षित भए कुन तहसम्म पढेको छ ?

अ) अनौपचारिक आ) प्राथमिक इ) माध्यमिक ई)उच्च शिक्षा

**२. पारिवारिक विवरण**

क) परिवार सदस्यको संख्या..................

ख) परिवारको आकार अ) एकल ( ) आ) संयुक्त ( ) इ) विस्तारित ( )

ग) परिवारको मूली अ) महिला ( ) आ) पुरुष ( )

घ) परिवारको मुख्य आयस्रोत अ) कृषि ( ) आ) व्यापार ( ) इ) रोजगार ( )

ई) वैदेशिक रोजगार ( ) उ) मजदुरी( ) ऊ) अन्य .....................

ङ) मासिक आम्दानी........................

**३. आर्थिक तथा राजनितिक अवस्था**

क) तपाईको मुख्य पेसा के हो ?

अ)कृषि ( ) आ) व्यापार ( ) इ) रोजगार ( ) ई) जागिर ( )

उ) गृहणी ( ) ऊ) अन्य ...................

ख) मासिक आम्दानी..................

ग) विवाहअघि के काम गर्नुहुन्थ्यो पछी के छ ?

विवाहअघि,

अ) कृषि/घरायसी ( ) आ) व्यापार ( ) इ) जागिर ( )

ई) वैदेशिक रोजगार( ) उ) अन्य ..................

विवाहपछि,

अ) कृषि/घरायसी ( ) आ) व्यापार ( ) इ) जागिर( )

ई) वैदेशिक रोजगार ( )उ) अन्य ..................

ग) अहिले गरेको कामसँग सन्तुष्ट हुनुहुन्छ ?

अ) छु ( ) आ) छैन ( ) ई) अलिअलि ( )

उ) सन्तुष्ट हुनै पर्‍यो नि ( )

घ) सन्तुष्ट छैन भने किन ?

अ) पेसा मन नपर्ने भएर ( )

आ) आम्दानी कम हुने भएर ( )

इ) काम गर्न गाह्रो भएर ( )

ई) अन्य...............................................................................................

ङ) यही पेसा छनौट गर्नुको कारण के हो ?

अ) आफ्नो स्वेच्छा र रोजाइ ( )

आ) श्रीमान्को कारण ( )

इ) घरपरिवारको कारण ( )

च) महिलालाई आफ्नो पेसा छनोट गर्ने अवसर हुनुपर्छ ?

अ) पर्छ ( ) आ) पर्दैन

छ) तपाईको नाममा घर जग्गा छ ?

अ) छ ( ) आ) छैन ( )

ज) घर जग्गालाई आफ्नो नाममा परिवर्तन गर्न सक्नु हुन्छ ?

अ) सक्छु ( ) आ) सक्दिन ( ) इ) थाहा छैन ( )

ई) अन्य...................

झ) तपाईको आफ्नो नाममा कुनै पेवा सम्पति छ ?

अ) छ ( ) आ) छैन ( )

ञ) घरमा के चाहिन्छ त्यसको पहिचान कसले गर्छ ?

क) आफूले ( ) आ) श्रीमान्ले( ) इ) अन्य पुरुष सदस्य ( )

ई) अन्य महिला सदस्य( )

ट) घरको लागि आवश्यक सामग्री खरिद गर्ने निर्णय कसले गर्छ ?

अ) आफै( ) आ) श्रीमान् ( ) इ) अन्य पुरुष सदस्य ( )

ई) अन्य महिला सदस्य ( )

ठ) आफू स्वयम्ले गरेका उत्पादन खरिद बिक्री कसले गर्छ ?

अ) आफै गर्छु ( ) श्रीमान्ले ( ) इ) अन्य पुरुष सदस्य ( )

ई) अन्य महिला सदस्य ( )

ड) कुनै स्थानिय संघ संस्था वा समूहमा आवद्ध हुनुहुन्छ ?

अ) छ ( ) आ) छैन ( )

ढ) छ भने कुन संघ संस्था वा समूह (नाम)..................

पद..........................

ण) उक्त संघ संस्था वा समूहमा कतिको सकृय हुनुहन्छ ?

अ) धेरै( ) आ)थोरै( ) इ) ठिकै( ) ई) अन्य...............

त) कुनै राजिनितिक दलहरूबारे जानकारी छ ?

अ) छ ( ) आ) छैन ( )

थ) छ भने कुनै राजनितिक दल संघ आवद्ध हुनुहुन्छ ?

अ) छ ( ) आ) छैन ( ) इ) समर्थन मात्र ( ) ई अन्य............

द) छ भने परिवारको सदस्यको कस्तो प्रतिक्रिया छ ?

अ) सकारात्मक ( ) आ) नकारात्मक ( ) इ) कुनै चासो छैन( ) ई) अन्य........

**४.सामाजिक अवस्था**

क) तपाईले कति वर्षको उमेरमा विवाह गर्नु भयो ?

अ) १५ वर्ष भन्दा कम ( ) आ) १५-२० वर्ष बीचमा ( ) इ) २० वर्ष माथि ( )

ख) तपाईले कस्तो प्रकारको विवाह गर्नुभयो ?

अ) मागी विवाह ( ) आ) प्रेम विवाह ( ) इ) अन्य.............

ग) तपाइको विचारमा विवाहको लागि उपयुक्त उमेर कुन हो ?

अ) १५ वर्ष भन्दा कम ( ) आ) १५-२० वर्ष बीचमा ( ) इ) २० वर्ष माथि ( )

घ) तपाईको परिवारमा विवाह गर्दा केटाकेटी छान्ने अधिकार कसलाई हुन्छ ?

अ) बाबुआमा ( ) आ) केटाकेटी स्वयम्लाई ( )

ङ) तपाईको विवाहको निर्णय कसले गऱ्यो ?

अ) बाबुआमा ( ) आ) आफै ( ) इ) संयुक्त ( )

च) पुनर्विवाहको अवसर कसलाई छ ?

अ) महिलालाई ( ) आ) पुरुषलाई ( ) इ) महिला र पुरुष दुवैलाई ( )

छ) महिलाले गर्ने पुनर्विवाहप्रति कस्तो धारणा राखिन्छ ?

अ) राम्रो ( ) आ) नराम्रो ( )

ज) तपाईको समुदायमा छोरीको शिक्षासम्बन्धी कस्तो धारणा छ ?

अ) सकारात्मक ( ) आ) नकारात्मक ( )

झ) छोरीलाई स्कुल पठाउने प्रचलन छ ?

अ) छ ( ) आ) छैन ( )

ञ) छोरा र छोरीलाई स्कुल पठाउने कुरामा समानता छ ?

अ) छ ( ) आ) छैन ( )

ट) छोराछोरी कस्तो विद्यालयमा पढ्छन् ?

अ) सरकारी ( ) आ) नीजि ( )

ठ) छोराछोरीको शिक्षाको निर्धारण कसले गर्छ ?

क) पुरुष ( ) ख) महिला ( ) इ) दुवै

## ५. प्रजनन तथा हेरविचार सम्बन्धी/जनसाँख्यिक

क) छोराछोरी कति जना छन् ?

अ) १ ( ) आ) २ ( ) इ) ३ ( ) ई) ४ ( ) उ) ४ भन्दा बढी

ख) छोराछोरीको जन्मान्तर कति छ ?

अ) १ वर्ष ( ) आ) १-२ वर्ष ( ) ई) ३ वर्ष ( ) उ) ३ भन्दा बढी

ग) छोराछोरी कहिले कति जन्माउने निर्णय कसले गऱ्यो ?

अ) आफू ( ) आ) श्रीमान् ( ) इ) दुवै ( ) इ) अन्य ( )

घ) तपाइलाई परिवार नियोजनका सम्बन्धमा थाहा छ ?

अ) छ ( ) आ) छैन ( ) इ) अलिअलि

ङ) परिवार नियोजनको साधन प्रयोग गर्नुभएको छ ?

अ) छ ( ) आ) छैन ( )

छ भने कसले प्रयोग गरेको छ र कस्तो ?

अ) आफैले ( )  आ) श्रीमान्ले ( )

अ) अस्थायी ( )  आ) स्थायी ( )

च) परिवारमा बालबच्चाको हेरविचार कसले गर्छ ?

अ) आफू ( )  आ) श्रीमान् ( )  इ) दुवै ( )  इ) अन्य ( )

छ) बच्चाको हेरविचारमा श्रीमान्को सहयोग आवश्यक छ ?

अ) छ ( )  आ) छैन ( )

## महिलाको मूख्य घरायसी भूमिका

उल्लिखित घरायसी कार्यहरू परिवारमा धेरैजसो कसले गर्छ ?

| क्रसं | क्रियाकलाप | आफू | श्रीमान् | संयुक्त | अन्य पुरुष सदस्य | अन्य महिला सदस्य |
|---|---|---|---|---|---|---|
| १ | खाना पकाउने | | | | | |
| २ | खाना खुवाउने | | | | | |
| ३ | भाडा माझ्ने | | | | | |
| ४ | लुगा धुने | | | | | |
| ५ | विरामीको हेरविचार | | | | | |
| ६ | पाहुना सत्कार | | | | | |
| ७ | बूढाबूढीको स्याहार | | | | | |
| ८ | घरको सरसफाइ पोत्ने/बढार्ने | | | | | |
| ९ | दैनिक पूजा तथा अन्य धार्मिक संस्कार | | | | | |
| १० | खाद्यान्न तथा लत्ताकपडा खरिद | | | | | |
| ११ | बच्चालाई खुवाउने | | | | | |
| १२ | बच्चालाई स्कुलका लागि तयार गर्ने | | | | | |
| १३ | स्कुलसम्म पुऱ्याउने | | | | | |

## **महिलाको निर्णय प्रक्रियामा सहभागिता**

निम्नानुसारका घरायसी निर्णयका सम्बन्धमा धेरैजसो कसको निर्णायक भूमिका रहन्छ ?

| क्रसं | क्रियाकलाप | आफू | श्रीमान् | संयुक्त | अन्य पुरुष सदस्य | अन्य महिला सदस्य |
|---|---|---|---|---|---|---|
| १ | बच्चाको शिक्षा | | | | | |
| २ | खाना सम्बन्धि | | | | | |
| ३ | स्वास्थ्य सेवा | | | | | |
| ४ | परिवारको सदस्यको परिचालन | | | | | |
| ५ | धार्मिक संस्कारको आयोजना | | | | | |
| ६ | साथीभाइ तथा आफन्त जमघट | | | | | |
| ७ | उपहार खरिद तथा प्रदान | | | | | |
| ८ | विभिन्न धामिंक तथा सामाजिक कार्यमा सहभागिता | | | | | |
| ९ | दैनिक पूजा तथा अन्य धार्मिक संस्कार | | | | | |
| १० | खाद्यान्न तथा लत्ताकपडा खरिद | | | | | |
| ११ | गर्भनिरोधको साधन प्रयोग | | | | | |
| १२ | बच्चाको संख्या | | | | | |
| १३ | खेतीपाती वा बालीनाली सम्बन्धी | | | | | |
| १४ | पशु तथा चौपाया खरिदबिक्री | | | | | |

## अनुसूचि-२

**आमा समूह र सामाजिकका कार्यकर्ताका प्रतिनिधिहरूसँग समूह छलफलमा सोधिएका प्रश्नहरू :**

प्र.नं १. जात, धर्म, भाषा, सामाजिक, आर्थिक पृष्ठभूमि, वर्ण र लिङ्गिय आधारमा महिलाहरूले कम शिक्षा प्राप्त गर्नुका कारणहरू के हुन सक्छन् ?

प्र.नं २. शारिरिक बल, साहास, वंश, सहभागिता र निर्णयकर्ताको आधारमा पुरुषको तुलनामा महिलाहरू किन पछि छन् ?

प्र.नं ३. सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा महिलाहरूको सहभागिता किन कम छ ?

प्र.नं ४. महिलाहरूको सवालमा उठ्ने विभिन्न समस्याहरू जस्तैः धर्म, जातियतासंग समबन्धित समस्याहरू लगाएत दाइजो प्रथा, बाल विवाह, बोक्सी आरोप जसले समाजिक कुरितिहरू हटाउन राज्यले कस्तो भूमिका निर्वाह गर्नु पर्छ ?

प्र.नं ५. के पुरुषले महिलाको समाजिक विकासमा बाधा पुऱ्याउने गर्छन् ? छन् भने किन र कसरी बाधा पुऱ्याउँछन् ?

प्र.नं ६. पारिवारिक निर्णय प्रकृयामा महिलाको निर्णय प्रकृयालाई परिवारले कस्तो रुपमा हेर्छ ?

प्र.नं ७. महिलाले गर्ने निर्णय प्रकृया बिहे अघि र बिहे पछि कस्तो फरक पाउनु हुन्छ ?

प्र.नं ८. कुन कुन पक्षमा महिलाको निर्णय प्रकृया बढि हुन्छ ?

प्र.नं ९. महिलाहरूका लागि बानाइका विभिन्न राष्ट्रय नितिहरूमा सुधार आए बाबजुत किन महिलाहरू पछि नै छन् त ?

# अनुसन्धानको क्रममा खिचिएका फोटोहरु



अनुसन्धानको क्रममा शोधकर्तासँग उत्तरदाता





अनुसन्धानको क्रममा उत्तरदातासँग प्रश्न गर्दै

